ॐ

आर्यमञ्जुश्रीकृता

नामसङ्गीतिः







काशीनाथ न्यौपाने

आर्यमञ्जुश्रीविरचिता

नामसङ्गीतिः

नेपाली अनुवादक

डा. काशीनाथ न्यौपाने

प्रकाशक एवं सम्पादक

राजु सापकोटा "साङ्गवेदी"

केन्द्रीय सचिव

प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

पुरानो बानेश्वर, काठमाण्डौ-९, नेपाल

पो.ब.नं.: २०२८५, फोन/फ्याक्स: ०१-४४६९६०५

First Edition : 2012 (वि.सं. २०६९)
Translater : Dr. Kashinath Nyaupane
Mob: 9841356129

Edited & Published by : Raju Sapkota 'Sangavedi'
Email: sangabedi@hotmail.com
Mob: 9845157280
Quantity : 500 copies
Price : NRs. 151.00
Layout : Keshav Raj Panthee
Cover designed by : Anandavardhan Nyaupane
Printed @ : Nepal Printing Support
Anamnagar, Kathmandu, Nepal
Ph: 01-4265821
ISBN : 978-9937-25803-6

वाग्रूपता चेदुत्क्रामेदवबोधस्य शाश्वती ।
न प्रकाशः प्रकाशेत सा हि प्रत्यवमर्शिनी ॥

भर्तृहरिः

प्राक्कथन

आर्यमञ्जुश्रीद्वारा विरचित नामसंगीति ग्रन्थ विद्वत्समाजमा अत्यन्त समादृत हुनुका साथै आफ्नो विषयगाम्भीर्यका कारणले पनि प्रसिद्ध छ ।

यातीतैर्भाषिता बुद्धैर्भाषिष्यन्ते ह्यनागता: ।
प्रत्युत्पन्नाश्च सम्बुद्धा यां भाषन्ते पुन: पुन: ॥

यसरी बौद्धतन्त्र परम्परामा अतीत, बर्तमान र अनागत बुद्धहरूको परम्परा रहिआएको तथ्य प्रकट भएको छ । वौद्धतन्त्रका चारवटा प्रमुख विषयहरू छन् । क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र र अनुत्तरयोगतन्त्र । यी समग्र तन्त्रहरूको उपदेश भगवान् बुद्धले आफैं गर्नुभएको हो । प्रस्तुत ग्रन्थ त्यसै क्रमको एउटा श्रृङ्खला हो । भगवान् बुद्धले तीन पटक धर्मचक्रको प्रवर्तन गर्नुभएको छ । ऋषिपतन सारनाथ मृगदावमा प्रथम पटक, गृध्रकूट पर्वतमा दोस्रो पटक र श्रीधान्यकटकमा तेस्रो पटक उपदेश गर्नुभएको हो । एउटा मान्यता अनुसार ज्ञान प्राप्त गरेको प्रथम वर्षमा सारनाथमा स्थवीरवादीमतको तेह्रौं, वर्षमा महायानको गृध्रकूट पर्वतमा र सोह्रौं वर्षमा धान्यकटकमा मन्त्रनयको उपदेश गर्नुभएको हो । सेकोद्देशटीकामा भनिएको छ ।

गृध्रकूटे यथा शास्त्रा प्रज्ञापारमितानये ।
तथा मन्त्रनये प्रोक्ता श्रीधान्ये धर्मदेशना ॥

सेकोद्देशटीका - पृ. १

नामसंगीतिको अर्थ प्रष्ट गर्दै आचार्य विलासवज्र भन्नुहुन्छ -
गानं गीति: सम्यग्गीति: संगीति:, नाम्नां संगीतिर्नामसंगीतिरिति

यसरी भगवान्का नामहरूको गायन नै नामसंगीति हो । नामसंगीति ग्रन्थ १४ परिवर्तहरूमा विभाजित छ । यसमा १६७ श्लोक र अनुशंसामा गद्य भाग पनि सम्मिलित छ । नाम संगीतिको मूल विषय ६ परिच्छेदहरूमा समाहित हुन्छ । वज्रधातुमण्डलज्ञानगाथाको **तद्यथा भगवान् बुद्ध: संबुद्धो=कारसम्भव:** बाट शुरु

प्राक्कथन

भएर कृत्यानुष्ठानज्ञानगाथाको अन्तिम श्लोक **सर्वसम्पत्करः श्रीमान् मञ्जुश्रीः श्रीमताम्वरः** सम्म ग्रन्थको बिषयवस्तु पूर्ण हुन्छ ।

प्रस्तुत ग्रन्थ धेरै भाषाहरूमा अनुदित भै सकेको छ । ९८० ईसवीय सन्‌मा चीनी अनुवाद भै सकेको छ । १२१४ मा मंगोलियन अनुवाद त्यसपछि भोट अनुवादसँगै क्रमशः आधुनिक युगमा अंग्रेजी अनुवाद, फ्रेन्च अनुवाद, जापानीज अनुवाद र हिन्दी तथा नेपाली र नेवारीमा पनि अनुवाद भै सकेको छ । यसबाट पनि यस ग्रन्थको महत्व एवं लोकप्रियताको अनुमान गर्न सकिन्छ ।

यस ग्रन्थका धेरै टीका उपटीका र टिप्पणीहरू उपलब्ध छन् । तीमध्ये केही प्रकाशित केही अप्रकाशित र अन्य केही अज्ञात छन् । यसरी सामान्यरूपमा हेर्दा २५ वटा टीका-उपटीकाहरू यस कृतिमाथि रहेको सूचना उपलब्ध छ । यस कृतिलाई लिएर गरिने साधनामा प्रयुक्त हुने कृतिहरूको संख्या पनि ५० भन्दा धेरै छ । यस प्रकार प्रस्तुत नामसंगीति अति व्यापक एवं विशिष्ट अर्थलाई लिएर रचना गरिएको ग्रन्थ हो भन्ने प्रष्ट हुन्छ ।

यस कृतिमा विशेष गरेर वज्रयानलाई विवेचना गरिएको छ । त्यसमा पञ्चबुद्ध अथवा पञ्चध्यानी बुद्ध र उनका शक्तिहरूको गम्भीर रूपमा विवेचना गरिएको छ । यसभित्र पञ्चतथागतज्ञानलाई निर्देशपूर्वक विवेचना गरिएको देखिन्छ । ती पाँच ज्ञान हुन् - सुविशुद्धधर्मधातुज्ञान, आदर्शज्ञान, प्रत्यवेक्षणज्ञान, समताज्ञान र कृत्यानुष्ठानज्ञान ।

वज्रयानी परम्परामा पञ्चबुद्धको ध्यान, पूजा, चिन्तन आदि गरिने हुँदा यस कृतिद्वारा यिनै पञ्चबुद्धलाई हृदयमा राखेर विशेष रूपमा सहयोगी अन्य विषयहरूलाई उपस्थापित गरिएको छ ।

पञ्चस्कन्धा एव ये सन्ति त एव पञ्चबुद्धाः प्रकीर्तिताः ।

यस अनुसार पनि पञ्चस्कन्धलाई नै पञ्चबुद्धको रूपमा परिणत गरेर साधना गर्ने परम्परा रहि आएको छ ।

प्रस्तुत अनुवाद

यस महनीय कृतिका धेरै अनुवादहरू भएता पनि यसको मर्मलाई उजागर गर्ने कुनै पनि अनुवाद नदेखिएको हुनाले यस नेपाली अनुवादमा विषयको वास्तविक रहस्यलाई भाषामा सर्वसाधारणले बुझ्ने गरी लेखिएको छ । आशा छ यस अनुवादद्वारा जिज्ञासु पाठकवर्गलाई सहयोग पुग्ने छ । यस अनुवादको क्रममा **रविश्रीज्ञान** विरचित **अमृतकणिका** टिप्पणी र **आचार्य विभूतिचन्द्र** विरचित **अमृतकणिकोद्योतनिबन्ध**मा प्रकट भएका गम्भीर विषयहरूलाई यी दुवै टीकाहरूको सहयोगमा लेखिएको छ । त्यसैले यस अनुवादको महत्व अझ बढी हुन पुगेको छ ।

यो ग्रन्थ धेरै पहिला अनुवाद भएता पनि प्रकाशकको अभावमा हस्तलिखित रूपमा नै विद्यार्थीहरूको सहयोगका लागि प्रकाशित गरिएको थियो र अहिले आएर यसले आफ्नो प्रकाशक पाएको छ । प्रकाशन गर्ने विद्वान् प्रकाशक उदार मन भएका, विद्याप्रेमी मेरा प्रिय विद्यार्थी श्री राजु सापकोटालाई आशीर्वाद सहित उत्तरोत्तर प्रगतिको कामना गर्दै भविष्यमा पनि यस्ता महनीय पुण्यमय कार्यमा लागिरहनका लागि भगवान् बुद्धले प्रेरित गरिरहून् ।

काशीनाथ न्यौपाने

२०६९ विजयादशमी
काठमाण्डौं ।

ग्रन्थप्रतिपाद्यविषय

नामसंगीतिमा प्रतिपाद्य सबै विषयहरूलाई विस्तृत रूपमा प्रस्तुत गर्नु दु:साध्य छ किनकि यसको प्रत्येक विशेषणसँग विषय सम्प्रयुक्त छ । नाम संगीति ग्रन्थले सबै तन्त्रहरूको प्रतिनिधित्व गर्दछ अत: यस्तो स्थितिमा विस्तृतरूपमा प्रस्तुत गर्नु धेरै कठिन छ । यहाँ प्रकारान्तरले नामसंगीतिमा आएका विषयहरूको केही विवेचना प्रस्तुत गरिन्छ ।

वज्र एवं वज्रसत्व

पारमितानयमा जुन शून्य नि:स्वभावात्मक छ, त्यही मन्त्रनयमा वज्रको रूपमा प्रतिपादित छ र यसलाई अदाही, अविनाशी, अच्छेद्य र अभेद्य बताईएको छ ।

दृढं सारमशौशीर्यमच्छेद्याभेद्यलक्षणम् ।
अदाही अविनाशी च शून्यता वज्रमुच्यते ॥

यो प्रसंगमा वज्रको व्याख्या गर्दै विमलप्रभामा भनिएको छ कि-जुन अच्छेद्य र अभेद्य छ, त्यो वज्र हो र त्यही वज्रयान पनि हो । यसमा मन्त्रनय, पारमितानयहेतु र फल झैं (एकलोलीभूत) एकाकार छ । यसका अतिरिक्त पनि मन्त्रनयमा वज्र अनेक अर्थहरूमा प्रयुक्त भएको छ । जस्तै:- बोधिचित्तका लागि "बोधिचित्तं भवेद्वज्रम्" । एवंकारको बंकारको अर्थमा पनि वज्र अभिप्रेरित छ "बंकारं वज्रमित्याहु:" । वज्रसत्त्व अथवा वज्रधर पद द्वारा नि:स्वभावरूप देवबिम्ब प्रतिपादित छ । अर्थात् वज्रसत्त्वमा जो "वज्र" छ यसमा शून्यता तथा "सत्त्व" द्वारा ज्ञानमात्रता अभिप्रेरित छ । यी दुवैको युगनद्ध नै वज्रसत्त्व हो । यी दुवैको अभिन्नता प्रदीप एवं त्यसको आलोक समान छ । महायान समान तन्त्रयानको पनि बोधिचित्त नै आधार हो । तन्त्रशास्त्रमा अगाडि गएर शून्यता एवं करुणा, प्रज्ञोपाय, अद्वयता, युगनद्ध आदि सिद्धान्तहरूमा बोधिचित्तको नै विस्तार भएको छ । बोधिचित्त एवं बोधिसत्त्व नै वज्र एवं वज्रसत्त्वको रूपमा प्रस्फुटित भएका छन् । जस्तो कि पारमितानय र मन्त्रनय महायानकै दुई विभाग हुन् । यी दुवैको उद्देश्यमा कुनै भेद छैन, केही भेद छ भने केवल साधना विधिको आधारसंग छ । पारमितानयमा सत्त्वले अनन्तकल्पहरूको पुण्य एवं ज्ञान संभारको बलसंग बुद्धत्व पद प्राप्त गर्दछ, जबकि तन्त्रयानमा एउटै जन्ममा यो पदको प्राप्ति प्रतिपादित छ । यस पदको प्राप्तिमा मुख्य आधार बोधिचित हो । यस चित्तद्वारा युक्त

सत्त्व बोधिसत्त्व कहलाउँछ । बोधिचित्तको उत्पत्तिका लागि सत्त्वले करुणाको भावना गर्दछ । आफ्नो लागि निर्वाणको कामना नगरेर यावत् चराचर जगत्का सत्त्वहरूको दु:ख निवारणको लागि आफूलाई उत्सर्ग गर्दछ । उसले यस्तो प्रतिज्ञा गर्दछ की जबसम्म अशेष प्राणीले सम्यक् सम्बुद्धपदको प्राप्ति गर्दैनन्, त्यतिबेला सम्म आफू निर्वाण प्राप्त गर्दिन । पारमितानयको बराबरी नै तन्त्रयानमा पनि यसको महत्त्व छ । तन्त्रयानमा अभिषेकको ग्रहण गर्नुपूर्व शिष्यमा बोधिचित्तोत्पाद गर्नु आवश्यक हुन्छ । यसैले श्रीमान् साधकले बोधिचित्तोत्पादको लागि सबै प्रकारका विकल्पहरू, सन्देहहरू र शंकाहरूबाट मुक्त भएर तत्त्वचर्याको अभ्यास गर्नुपर्दछ । यस नयमा बोधिचित्तको परिभाषा यीनै सन्दर्भहरू अनुरूप प्रतिपादित गरिएको छ ।

अनादिनिधनं शान्तं भावाभावक्षयं विभुम् ।
शून्यताकरुणाभिन्नं बोधिचित्तमिति स्मृतम् ॥

शून्यता एवं करुणाको अभिन्नता नै बोधिचित्त हो । यस प्रकारको प्रतिपत्ति महायान ग्रन्थहरूमा पनि उपलब्ध हुन्छ तथा यस चित्तको स्वभाव अनादिनिधन, शान्त, भाव र अभावद्वारा अतीत र व्यापक छ । पञ्च तथागतज्ञान ⟹ ऐतिहासिक रूपबाट प्रतिपादित गर्न कठिन छ कि पाँच तथागत ज्ञानहरूको वर्णन कहिले देखि प्रारम्भ भयो । आचार्य असंगले महायानसूत्रालंकार (९.६७(७६) मा सर्वप्रथम आदर्श आदि ज्ञानहरूको सविस्तार उल्लेख गरेका छन् । तन्त्र ग्रन्थहरूमा सर्वप्रथम गुह्यसमाजतन्त्रमा यसको बर्णन पाउन सकिन्छ । यस्तो मानिन्छ कि गुह्यसमाजको रचनाकाल असंगको समकालिन मानिन्छ । यसबाट प्रतीत हुन्छ कि करीव तेस्रो शताब्दिमा यसको स्थापना भैसकेको थियो, जसको पल्लवन परवर्ती बौद्धतन्त्र साहित्यमा भयो । नाम संगीतिमा यीनैको आधारमा समस्त तन्त्रहरूलाई विभाजित गरी तिनको संगायन भएको छ । त्यो ज्ञान यस प्रकार छ । शुविशुद्धधर्मधातुज्ञान, आदर्शज्ञान, प्रत्यवेक्षणज्ञान, समताज्ञान र कृत्यानुष्ठानज्ञान ।

बौद्ध चिन्तकहरूले समस्त जगतलाई पञ्चस्कन्ध, द्वादश आयतन र अष्टादश धातु अन्तर्गत मान्छन् । यसै प्रकार तन्त्रहरूमा पनि चराचर जगतलाई पाँच तथागतहरू तथा उनका ज्ञानका आधारमा संगृहित गरिएको छ । यी पाँच तथागत एवं तिनको ज्ञान नै पञ्चस्कन्धहरूको प्रतीक हो ("पञ्चस्कन्धा: समासेन पञ्चबुद्धा: प्रकीर्तिता:,

(गु.त. १७.५०) । किनकि पञ्चबुद्धस्वभाव भएकाले नै पञ्चस्कन्ध पञ्चजिनस्वरूप हो- "पञ्चबुद्धस्वभावत्वात् पञ्चस्कन्धा जिनाः स्मृताः (ज्ञा.सि.२.१) त्यसैले तन्त्रशास्त्रमा समस्त जगत्लाई पञ्चबुद्धात्मक भनिएको छ ("पञ्चबुद्धात्मकःसर्वजगोऽयम्" ।

सुविशुद्धधर्मधातुज्ञान- सत्त्व दुई प्रकारका आवरणहरूद्वारा आवृत रहन्छ तिनको नाम क्लेशावरण र ज्ञेयावरण हो । जब त्यो यी दुवै आवरणहरूद्वारा सदाको लागि मुक्त हुन जान्छ त्यसबेला आवरणहरूद्वारा मुक्त सत्त्वलाई वज्रसत्त्व भनिन्छ र त्यसको ज्ञानलाई सुविशुद्धधर्मधातुज्ञान भनिन्छ । त्यसले यी आवरणहरूद्वारा आवृत्त सवै प्राणिहरूको मुक्तिको लागि भावना गर्दछ । यस ज्ञानको स्वभाव पनि शुद्ध, अनाविल, विज्ञानधर्मतातीत तथा प्रकृतिप्रभास्वर छ । यो प्रकाशको भैं सवै लक्षणहरूद्वारा रहित आदि मध्यान्त शुद्ध एवं निर्मल छ ।

आदर्शज्ञान - आकाश समान निराधार व्यापक र लक्षण रहित धर्मकायको आदर्शज्ञान भनिएको छ । जसरी मनुष्य आफ्नो प्रतिबिम्ब दर्पण (ऐना) मा देख्न सक्छ त्यसै प्रकारले योगीले आदर्शज्ञान उत्पन्न हुँदा त्यसमा धर्मकाय स्वरूपको साक्षात्कार गर्दछ । आचार्य पद्मवज्र आदर्शज्ञानलाई बुद्धहरूका लागि पनि अविज्ञेय मान्दछन्-

बुद्धानामप्यविज्ञेयमपर्यन्तगुणोद्भवम् ।
ज्ञानं तदुच्यते ह्यत्र श्रीमदादर्शसंज्ञितम् ॥ (गु.सि. ४.१७)

आदर्शज्ञान, सवै ज्ञानहरूको निमित्त हुनाले महाज्ञानाकार सदृश छ । अपरिच्छिन्नता, सदानुगम तथा सवै प्रकारको ज्ञेयहरूमा असंमूढता यसको स्वरूप हो ।

प्रत्यवेक्षणा ज्ञान - प्रत्यवेक्षणाज्ञानको स्वरूप आदिशुद्ध, अनुत्पन्न तथा अनाविल छ । सवै संज्ञात्मक वर्णाकार कुलोद्भव छ र सवै वर्णहरूमा अगाडी छ । यसबाट उत्पन्न सवै देवमण्डल प्रभास्वर स्वभाव छ । यी सवैमा एकाकार प्रभास्वरताको दर्शन गर्नु नै प्रत्यवेक्षणा कहलाउँछ ।

समता ज्ञान - आदर्शज्ञान उत्पन्न भएपछि योगीमा समताज्ञानको उदय हुन्छ । यसमा समस्त जगद्लाई स्वप्नवत् कल्पनाप्रसूत र प्रतिबिम्बवत् स्वीकार गरिन्छ । यसमा सवै

धर्महरू प्रति अहंकार, ममकारद्वारा रहित शून्यता भावना अर्थात् सर्वधर्मनैरात्म्यको भावना उत्पन्न हुन्छ । त्यस समय योगीले सबै प्राणीहरूको तथा तथागतहरूको चित्तमा कुनै अन्तर देख्दैन, सबैमा एकाकार, एक स्वभाव-सम्बोधिको दर्शन गर्दछ ।

कृत्यानुष्ठान ज्ञान - सबै लोकहरूमा सधैं बुद्धकृतिहरू र नानाप्रकारका चर्याहरूद्वारा लोकहित सम्पादन गर्नेवाला ज्ञान 'कृत्यानुष्ठान ज्ञान' कहलाउँछ । यसको विशेषता बताउँदै आचार्य पद्मवज्र भन्दछन् कि "यस्तो ज्ञान परमनिर्मल छ, जसमा अक्ष्योभ्य, वैरोचन आदि तथागत तथा लोचना आदि तिनका मुद्राहरू पनि स्थित हुन्छन् र तिनको भावना गरिन्छ ।"

आनन्द, क्षण एवं मुद्रा - आनन्द, क्षण एवं मुद्राहरूको उल्लेख तथा उनको साधना-विधिको निरूपण बौद्धतन्त्रहरूमा साथ साथै गरिएको छ, किनकि यी परस्पर सम्बद्ध छन् । चारप्रकारका आनन्द, चार क्षण एवं चार प्रकारका मुद्राहरू छन् । आनन्द, परमानन्द, विरमानन्द तथा सहजानन्द - यी चार आनन्द हुन् । विचित्र, विपाक, विमर्द तथा विलक्षण - यी चार क्षण हुन् । कर्ममुद्रा, धर्ममुद्रा महामुद्रा र समयमुद्रा - यी चार मुद्राहरू हुन् । यीनीहरूमा प्रत्येकको उत्तरोत्तर श्रेष्ठता मानिएको छ । जस्तै:

आनन्देन सुखं किञ्चित् परमानन्दं ततोऽधिकम् ।
विरमेण विरागः स्यात् सहजानन्दं तु शेषतः ॥ (हे.त. १.८.३२)

प्रत्येक आनन्द काय वाक् चित्त तथा ज्ञानको भेद द्वारा १६ (सोह्र) प्रकारको हुन्छ । यसलाई नामसंगीति (५.५.८) मा बताइएको छ । आनन्द आदि कुरा चित्त अर्थात् बोधिचित्त या विन्दुको स्थितिमा निर्भर गर्दछ । जब बोधिचित्त निर्माणकायमा हुन्छ तब त्यो आनन्द धर्मकायमा छ भने त्यसले परमानन्द, संभोगकायमा छ भने विरवानन्द तथा महासुखकायमा छ भने सहजानन्दलाई उत्पन्न गर्दछ । मुद्राको स्पर्श आनन्द हो, सुखको इच्छा परमानन्द तथा विराग विरमानन्द हो । यी तीनैवटाको अतीति अवस्था सहजानन्द हो । परमानन्दलाई "भव" पनि भनिन्छ, भव यस अर्थमा भनियो कि यो जन्म मृत्युको आवागमनको मूल हो । "परमानन्दः सांक्लेशिकसुखभोगलक्षणत्वाद् भवः संसारः" । विरमानन्द विरागस्वरूप हुनाको

कारणले निर्वाण छ अर्थात् यो सांक्लेशिक रोगहरूलाई नाश गर्नेवाला हुन्छ र सहजानन्द न भव हो, न त निर्वाण नै हो, यो भव र निर्वाणदेखि अतित छ ।

परमानन्दं भवं प्रोक्तं निर्वाणं च विरागतः ।
मध्यमानन्द मात्रं तु सहजमेभिर्विवर्जितम् ॥ (हे.त. १.८.३४)

क्षणहरूको भेदको आधारमा यी आनन्दहरु आदि उत्पन्न हुन्छन् । एवंकारको स्थितिमा क्षणहरूको ज्ञानद्वारा नै सुखको बोध हुन्छ । विचित्र क्षणमा आनन्द, विपाकमा परमानन्द, विमर्दमा विरमानन्द र विलक्षणमा सहजानन्द उत्पन्न हुन्छ । विचित्र क्षण आलिंगन, स्पर्श आदि विविध प्रकारको छ । त्यस सुख ज्ञानको भोग विपाक हो । मैले सुखको भोग गरें, यसप्रकारको आलोचनात्मक ज्ञान विमर्द क्षण हो र यो तिनैभन्दा भिन्न राग र अरागबाट विवर्जित क्षण हो । यसैलाई कृष्णपादक योग परक दृष्टिद्वारा यस प्रकार प्रस्तुत गर्दछ । स्पर्शको प्रारम्भिक क्षण विचित्र हो, कमल-कुशिल योग विपाक क्षण हो, यस पश्चात् मन्थानद्वारा उत्पन्न रागानलबाट दलित जगद्राशि विमर्दक्षण हो । यसप्रकारको योग, जसमा कमलमा रारावहि्न र पवन सहचर छ, यही सम्बोधिको मार्ग हो, यही विलक्षण क्षण कहलाउंछ, जुन केवल योगीहरूका लागि गम्य छ ।

स्पर्शस्यादौ विचित्रः कमलकुलिशयोर्योगतोऽसौ विपाकः
पश्चान्मन्थोत्थरागानलदलितजगत्सङ्घराशिर्विमर्दः ।
तस्मिन्निध्यायमाने पवनसहचरे रागवह्नौ सरोजे
सोऽयं संबोधिमार्गः सकलजिनतनुर्योगिगम्यो विलक्षणः ॥

यस योगावस्थालाई प्राप्त गर्नको लागि मुद्रा आवश्यक छ । चार प्रकारका मुद्राहरू यहाँ प्रतिपादित छन् । ती हुन् - कर्ममुद्रा, धर्ममुद्रा, महामुद्रा र समयमुद्रा । यी चार मुद्राहरूसंग क्षणको ज्ञान र क्षणको ज्ञानद्वारा सुख, अर्थात् आनन्द आदिको प्रादूर्भाव हुन्छ । मुद्राको अर्थ नै जो सुखप्रदान गर्दछ भन्ने हो "मुदं सुखविशेषं राति ददातीति मुद्रा" (से.टी.पृ. ५६) । तन्त्र शास्त्रमा साधनाको लागि अभिषेकको समयमुद्रासमर्पण पनि गरिन्छ । कर्ममुद्रा स्तनकेशद्वारा युक्त काम धातुको सुखको हेतु हो । यसमा कर्म आलिंगन, चुम्बनादि व्यापार हुन्छ । यसमा उपलक्षित जो सुखरूप छ त्यसलाई प्रदान गर्नेवाला कर्ममुद्रा हो । कर्ममुद्राको साथ एवंकार योगमा प्रतिष्ठित

भएर क्षण तथा क्षणहरूको ज्ञानद्वारा आनन्द उत्पन्न हुन्छ । यहाँ चञ्चल बिन्दु नै संवृत्ति बोधिचित्त हो । बिन्दु स्थिर हुँदा पनि उसको उर्ध्वगति हुन्छ र अन्तमा उष्णीष कमलमा पुग्दाखेरि आनन्दको आविर्भाव हुन्छ । यसलाई निष्यन्द फल पनि भनिन्छ । धर्ममुद्रा धर्मधातु स्वरूप हो । यस्तो निर्विकल्प, निष्प्रपञ्च, अकृत्रिम, उत्पाद रहित् करुणा स्वभाव हुन्छ । यस्तो परमानन्दको उपायभूत हुन्छ । सहज स्वभावप्रज्ञाद्वारा उत्पन्न हुनाको कारणले सहज छ । धर्मधातुको अन्य अनेक लक्षण प्रतिपादित हुन्छ । जस्तै:- यो अन्धकारलाई हटाउनेवाला किरण सदृश हो । यो गुरुपदेशको समान छ जो शिष्यलाई समस्तप्रकारको भ्रान्तिहरूद्वारा निवृत्त गर्दछ । यो ललना र रसनाको मध्य स्थित अवधूतीको समान छ । महामुद्रा नि:स्वभाव छ, क्लेश-ज्ञेयादि आवरणहरूद्वारा निर्मुक्त छ र शरत्कालीन मध्यान्न, गगन सदृश स्वच्छ र निर्मल छ । यो भव र निर्वाण स्वरूप अनालम्बन करुणा तथा महासुख स्वरूप छ । यसको फल समयमुद्रा हो । समयमुद्रामा वज्रधर स्वयं सत्वार्थको लागि हरेक रूपमा निर्माणकायमा विस्फुरित हुन्छ । यसै समयमुद्रालाई गृहीत गरेर आचार्यले पाँच प्रकार को ज्ञान-आदर्श, समता, प्रत्यवेक्षणा, कृत्यानुष्ठान र सुविशुद्धधर्मधातुको प्रकाश गर्दछन् तथा आदि योग, मण्डलराजाग्री, कर्मराजग्री, बिन्दुयोग र सुक्ष्मयोगको भावना गर्दछन् ।

अभिसंबोधि एवं काय - सम्बोधि अर्थात् सम्यक् ज्ञान नै अभिसम्बोधि हो । यो चारप्रकारको छ, एकक्षणाभिसम्बोधि, पंचाकाराभिसंबोधि, विंशत्याकाराभिसम्बोधि र मायाजालाभिसम्बोधि । यी चार अभिसम्बोधिहरू चार प्रकारका कायहरूसंग संश्लिष्ट छन् । जस्तै : एकक्षणाभिसम्बोधि स्वभावकायसंग, पंचाकाराभिसम्बोधि धर्मकायसंग, विंशत्याकाराभिसम्बोधि सम्भोगकायसंग र मायाजालाभिसम्बोधि निर्माणकायसंग संबद्ध छ । यी चार अभिसम्बोधिहरूको प्राप्तिको लागि चार प्रकारका वज्रयोग प्रतिपादित छन् । जस्तै : ज्ञानवज्रयोगद्वारा एकक्षणाभिसम्बोधि, चित्त वज्रयोगद्वारा पञ्चाकाराभिसम्बोधि, वाग्वज्रयोगद्वारा विंशत्याकाराभिसम्बोधि, तथा कायवज्रयोगद्वारा मायाजालाभिसम्बोधिको लाभ हुन्छ ।

ग्रन्थप्रतिपाद्यविषय

उत्पत्तिक्रमको अवस्थामा सर्वैभन्दा पहिले एकक्षणाभिसम्बोधिको लाभ हुन्छ । जन्मोन्मुख प्रतिसन्धिको लागि आलयविज्ञानले जुनसमयमा मातृगर्भगृह माता-पिताको समरसीभूत विन्दुद्वयको साथ एकत्वलाभ गर्दछ, यस एकत्वलाभको प्रथमक्षण एक महाक्षण हो । यस क्षणमा जो सुखको संवित्ति अर्थात् बोध हुन्छ, उसै क्षणलाई एकक्षणाभिसम्बोधि भनिन्छ । यस अवस्थामा काय रोहित मत्स्यसदृश एकाकार रहन्छ मातृ गर्भमा जब पादि वासनात्मक पाँच सम्वृत्तिमा हुन्छ, तब यो क्षण पञ्चाकाराभिसम्बोधिक्षण कहलाउँछ । यस अवस्थामा गर्भस्थकाय कूर्मशदृश पंचस्फोटाकार हुन्छ । जब यो पञ्चाकार ज्ञान पृथिवी आदि चार धातुहरू र वासनाहरूको भेदद्वारा बीस प्रकारको हुन जान्छ, तब त्यो क्षण विंशत्याकाराभिसम्बोधि कहलाउँछ । यस अवस्थामा गर्भस्थ काय पनि बीस अंगुलीहरूद्वारा परिपूर्ण हुन जान्छ । कायको यस अवस्थासम्मको विकास मातृ गर्भमा नै हुन्छ । त्यस पश्चात् मायाजालाभिसम्बोधिक्षण आउँछ, यस क्षणको लाभको लागि गर्भस्थकायलाई गर्भद्वारा निष्क्रमण गर्नु पर्दछ । गर्भबाट निष्क्रमण भएपछि मायाजालसदृश अनन्त भावहरूको संवित्तिको क्षणलाई नै मायाजालाभिसम्बोधि क्षण भनिन्छ ।

यस उत्पत्तिक्रमको अवस्थामा उपर्युक्त चार वज्रयोगीद्वारा यीनै क्षणहरूको अभिसम्बोधिको तथा कायको निरूपण हुन्छ । विशुद्धज्ञानविज्ञानात्मक अच्युत विन्दु नै एकक्षणाभिसम्बोधिको अवस्थामा सर्वार्थदर्शी वज्रसत्त्वको रूपमा निष्पन्न हुन्छ । यस अवस्थामा, स्वाभाविककायको २१६०० श्वास प्रश्वास चक्रको क्षय हुन जान्छ । यो अवस्था ज्ञानवज्रयोग हो । यदि वज्रसत्त्व पंचाकाराभिसम्बोधिमा परमाक्षर सुखक्षणमा महासत्त्वको रूपमा निष्पन्न हुन्छ भने त्यो चित्तवज्रयोग हो । परमाक्षर सुखात्मक क्षणको अवस्था धर्मकायको हो । महासत्त्व वाग्वज्रयोगद्वारा विंशत्याकाराभिसम्बोधिको क्षणमा बोधिसत्त्वको रूपमा निष्पन्न हुन्छ । यस्तो अवस्था सम्भोग कायको हो । बोधिसत्त्व नै कायवज्रयोगद्वारा मायाजालाभिसम्बोधि क्षणमा समयसत्त्वको रूपमा निष्पन्न हुन्छ । यो निर्माणकायको अवस्था हो । यसमा अनन्तमायाजालहरूद्वारा कायको स्फूरण हुन्छ । यस स्फूरित कायमा षोडश आनन्द आदि सुखहरूको निरोध हुन जान्छ । यस प्रकार अच्युत विन्दुद्वारा निष्पन्न ज्ञानवज्र, चित्तवज्र, वाक्वज्र, तथा कायवज्र निराभास, निरंजन, अज्ञात, अकृत र भावाभावद्वारा विषर्जित हुन्छ -

यत्कायं सर्वबुद्धानां निराभासं निरञ्जनम् ।
अज्ञातमकृतं शुद्धमभावादिविवर्जितम् ॥

वज्रयोग - संवृति एवं परमार्थको संयोगलाई वज्रयोग भनिएको छ । यसलाई अद्वय, युगनद्ध र अक्षर पनि भनिन्छ । यो योग अस्ति र नास्तिद्वारा अतिक्रान्त, शून्यता र करुणाद्वारा अभिन्न छ । वज्रयोग ४ प्रकारको छ - विशुद्धयोग, धर्मयोग, मन्त्रयोग र संस्थानयोग । तिनको प्राप्तिको लागि चार विमोक्ष आवश्यक छन् । ती हुन् - शून्यता, अनिमित्त, अप्रणिहित र अनभिसंस्कार । विशुद्धयोगको लागि शून्यता विमोक्ष प्राप्त गर्नु पर्दछ । शून्यताको अर्थ हो नि:स्वभावता । जुन ज्ञानमा शून्यताको भाव ग्रहण हुन्छ त्यही शून्यता विमोक्ष हो । यो प्राप्त हुँदा तुरीय अवस्थाको ध्वंस हुन्छ र अक्षर सुख उत्पन्न हुन्छ । धर्मयोगको लागि अनिमित्त विमोक्ष लाभ गर्नु पर्दछ । विकल्प चित्त नै निमित्त हो । जुन ज्ञानको अवस्थामा चित्त निर्विकल्प हुन्छ त्यसलाई नै अनिमित्त विमोक्ष भनेर जानिन्छ । यो प्राप्त हुँदा सुषुप्ति अवस्थाको क्षय हुन्छ । जब निर्विकल्प चित्तमा मैत्रीको उदय हुन्छ यही चित्तवज्र धर्मयोग कहलाउँछ । मन्त्रयोगको लागि अप्रणिहित विमोक्ष लाभ गर्नुपर्दछ । निर्विकल्प चित्तमा प्रणिधानको अभाव हुन्छ । यसलाई नै अप्रणिहित विमोक्ष भनिन्छ । यसको लाभद्वारा स्वप्न अवस्थाको क्षय हुन्छ । यसबाट जो मुदिता संचरित हुन्छ, त्यही मन्त्रयोग कहलाउँछ । संस्थान योगको लागि अनभिसंस्कार विमोक्ष आवश्यक छ । प्रणिधानको अभावमा अभिसंस्कार रहँदैन । यस विमोक्षको लाभद्वारा जाग्रत अवस्थाको क्षय हुन्छ ।

षडंगयोग - नाम संगीतिका टीकाहरूमा षडंगयोगको विशद व्याख्या उपलब्ध हुन्छ । षडंग योगको साधनाद्वारा तन्त्रमा निष्पन्नक्रमको साधना गरिन्छ । षडंगयोगको प्राप्य पद काय-वाक्-चित्तवज्र हो । यो योगांग ६ प्रकारको हुन्छ- प्रत्याहार, धारणा, अनुस्मृति, प्राणायाम, ध्यान र समाधि । प्रत्याकार तथा धारणाद्वारा कायवज्र तथा त्यसका लक्षणहरू तथा अनुव्यञ्जनहरूको सिद्धि हुन्छ । प्राणायाम र धारणाद्वारा वाक्वज्र तथा मूलवायुमा अधिकार प्राप्त हुन्छ र सर्वज्ञ वाक्को सिद्धि हुन्छ । अनुस्मृति र समाधिद्वारा चित्तवज्रको प्राप्ति हुन्छ । अनुस्मृतिको समयमा चाण्डालीलाई बोधिचित्तद्वारा द्रवित गरेर उष्णीषद्वारा मणिचक्र सम्म पुऱ्याउँनाले चार आनन्दहरूको उत्पत्ति हुन्छ । यसमा सहजानन्द नै समाधि हो । सहजानन्दको

अवस्थामा नाभिमा चाण्डाली प्रज्वलित हुँदा योगीले देवबिम्वको साक्षात्कार गर्दछ । यस अवस्थामा अनुरागपूर्ण सुखको उत्पत्ति हुन्छ । त्यही अनुस्मृति कहलाउँछ । यसको उत्पत्तिको लागि धारणाद्वारा मध्यमा नाडिमा वायुलाई स्थिर गरेर चण्डालीलाई प्रज्वलित गर्नु पर्दछ । यस प्रकार वायुलाई मध्यमा नाडीमा स्थिर गर्नु नै धारणा कहलाउँछ । धारणाको अवस्था प्राप्त गर्नको लागि प्राणायामद्वारा ललना र रसना नाडिहरूमा बग्नेवाला वायुको मध्यमामा प्रवेश गर्नु पर्दछ यही नै प्रणयाम योग कहलाउँछ । ललना र रसनामा बग्नेवाला वायु त्यतिबेला मध्यमामा प्रवेश गर्दछ, जतिबेला प्रत्याहार ध्यानद्वारा मध्यमा नाडीको पहिचान (जानकारी) हुन्छ । यस्तो प्रत्याहार योगद्वारा दिन र रातमा उदय हुनेवाला लक्षणहरूको पछाडि सम्भव हुन्छ । प्रत्याहारद्वारा लक्षणहरूलाई जानिसकेपछि ध्यानद्वारा त्यो स्थिर हुन्छ । नामसंगीतिको बिभिन्न विशेषण पदहरूको व्याख्यामा षडंग योगको विस्तृत व्याख्या गरिएको छ ।

- राजु सापकोटा (साङ्वेदी)
सम्पादक

विषय सूचि

आर्यमञ्जुश्रीविरचिता

नामसङ्गीतिः

आर्यमञ्जुश्रीविरचिता

नामसङ्गीतिः

अथाध्येषणाप्रकरणम्

अथ वज्रधरः श्रीमान् दुर्दान्तदमकः परः ।
त्रिलोकविजयी वीरो गुह्यराट् कुलिशेश्वरः ॥१॥

अथ, नैरात्म्यप्रतिपादक शून्यता=अ, अक्षोभ्य स्वभाव प्रतिपादक निरालम्ब करुणा=थ, वज्रधरः= महा सुखज्ञान स्वरूप वज्र धारण गर्ने, श्रीमान्= अद्वय ज्ञान युक्त, दुर्दान्त= विष्णु, शिव, हिरण्यगर्भ आदि देव समूहद्वारा दमन गर्न नसकिने र उनीहरूलाई आफ्नो वसमा राख्ने, परः श्रेष्ठ, त्रिलोक विजयी= काय, वाक्, चित्तलाई जित्ने, त्यसैले वीर, गुह्यराट्= श्रावक, प्रत्येकबुद्धयान भन्दा उत्कृष्ट वज्रयानमा महासुखरूपले रहने, कुलिश= वज्रको शिखरमा अवस्थित हुनाले र सर्वोत्तम हुनाले पनि कुलिशेश्वर भनिएका त्यस्ता परमश्रद्धास्पद तथागतलाई नमस्कार छ ॥१॥

विबुद्धः पुण्डरीकाक्षः प्रोत्फुल्लकमलाननः ।
प्रोल्लालयन् वज्रवरं स्वकरेण मुहुर्मुहुः ॥२॥

विकसित श्वेत कमल जस्तै नेत्र भएका, उत्फुल्ल सेतो र रातो गुणले युक्त कमल जस्तो मुख भएका, स्त्री एवं पद्मकमल स्वरूप, निर्विकल्प, परमाक्षर, सुखज्ञान रूप श्रेष्ठ वज्रलाई आफ्नो करकमल द्वारा जगत्को कल्याणार्थ वारम्वार खेलाई रहेका तथागतलाई नमस्कार छ ॥२॥

भृकुटीतरङ्गप्रमुखैरनन्तैर्वज्रपाणिभिः ।
दुर्दान्तदमकैर्वीरैर्वीरबीभत्सरूपिभिः ॥३॥

ललाटमा उठेका तरङ्गहरूद्वारा रोमाञ्चित भएका, षडङ्गयोगरूप उपायद्वारा युद्धमहाशून्यतारूप वज्रहातमा लिएका, दुर्दान्त दमकवीर= आकाश स्वरूप अक्षय, महारागरहित भएका तथागतलाई नमस्कार छ ॥३॥

उल्लालयद्भिः स्वकरैः प्रस्फुरद्वज्रकोटिभिः ।
प्रज्ञोपायमहाकरुणाजगदर्थकरैः परैः ॥४॥

अत्यन्त तेजस्वी कोटी-कोटी महाशून्यतारूपवज्र आफ्नो हातमा राखेर जगतको कल्याणार्थ प्रज्ञा र उपायरूप महाकरुणालाई प्रस्फुटन गर्ने भगवान् तथागतलाई नमस्कार छ ॥४॥

हृष्टतुष्टाशयैर्मुदितैः क्रोधविग्रहरूपिभिः ।
बुद्धकृत्यकरैर्नाथैः सार्द्धं प्रणतविग्रहैः ॥५॥

आन्तरिक एवं बाह्य सुखद्वारा कायवाक्चित्तले युक्त भएका, सहज काय स्वरूप, अतएव प्राणीहरूको कल्याणार्थ सुखी भएका सर्वधर्म शून्यता र समग्र आसक्तिरहित भएका, त्यसैले बुद्धका कृत्य, जुन लोक कल्याणार्थ सदा तत्पर छन्। योगी श्रेष्ठ संग महासुखमा निमग्न कायवाक् चित्तले युक्त भएका तथागतलाई नमस्कार छ ॥५॥

प्रणम्य नाथं सम्बुद्धं भगवन्तं तथागतम् ।
कृताञ्जलिपुटो भूत्वा इदमाह स्थितोऽग्रतः ॥६॥

सुखले युक्त भएका बोधिचित्त, प्रभास्वरज्ञानसंयुक्त, सहज ज्ञानयुक्त, गति आगति विज्ञ- त्यसैले तथागत स्वरूप भगवान्लाई (भित्रैदेखि) योगयुक्त अवस्थाद्वारा अथवा प्राणायामका बलद्वारा कूटस्थ या योनिमुद्रामा अवस्थित भएर (भ्रुकुटीमा अवस्थित भएर) स्वसंवेद्य महासुखको विषयमा यस्तो निवेदन गरे ॥६॥

मद्धिताय ममार्थाय अनुकम्पाय मे विभो ।
मायाजालाभिसंबोधेर्यथालाभी भवाम्यहम् ॥७॥

यहाँ सुख- स्वभावद्वारा तिनै लोकमा व्याप्त हे प्रभु ! भ्रुकुटीमा अवस्थित योगयुक्त मेरो कल्याण अर्थात् समग्र प्राणीहरूको सुखका लागि, सबै

प्राणीहरूको असत् संकल्पलाई धुने उद्देश्यले, स्कन्ध धातु आयतन आदिको निरोधद्वारा तिनै लोकका प्राणीहरूले गर्ने ज्ञानको प्राप्तिद्वारा 'अँ'कार एवं 'हं'कारको संपुट युगनद्धरूप हुन सकौं- त्यस्तो नाम संगीतिको प्रकाश गर्नुहोस् ॥७॥

अज्ञानपङ्कमग्नानां क्लेशव्याकुलचेतसाम् ।
हिताय सर्वसत्त्वानामनुत्तरफलाप्तये ॥८॥

हे प्रभु ! अविद्यारूप हिलामा मग्न भएका प्राणीहरूको महासुख प्राप्ति रूप कल्याणका लागि तथा क्लेश:= दु:खद्वारा व्याकुल चित्त भएका प्राणीहरूको कल्याणार्थ अतिशय महत्वपूर्ण महासुख रूप फल प्राप्तिका लागि नामसंगीतिको प्रकाशन गर्नुहोस् ॥८॥

प्रकाशयतु संबुद्धो भगवान् शास्ता जगद्गुरु: ।
महासमयतत्त्वज्ञ इन्द्रियाशयवित्पर: ॥९॥

सहज सुखको उल्लासद्वारा सम्बुद्धभएका, निराकार शून्यले युक्त हुनाले नै भगवान् भएका, २१ हजार ६ शय श्वासप्रश्वासलाई जान्ने हुनाले नै शास्ता (शाशन गर्ने) भएका, त्यसैले कायवाक् चित्तले युक्त व्यक्तिहरूलाई तत्त्वको उपदेश गर्ने जगद्गुरु, चौथो बिन्दुरूप तत्त्वलाई जान्ने, ग्राह्यग्राहक भावले युक्त, इन्द्रियको सुखलाई जान्ने र लोक देखि टाढा रहेका भगवान्ले नाम संगीतिको प्रकाशन गर्नुहोस् ॥९॥

भगवन् ज्ञानकायस्य महोष्णीषस्य गीष्पते: ।
मञ्जुश्रीज्ञानसत्त्वस्य ज्ञानमूर्ते: स्वयम्भुव: ॥१०॥

हे भगवन् ! चतुर्थ बिन्दु धारण गर्ने ज्ञानकायको बोधिचित्त रूपबिन्दु, जुन बिन्दु भ्रुकुटीबाट उर्ध्वसहस्र दलमा अवस्थित हुनाले नै, उष्णीष= (फेटा) युक्त भएका, शीः = ध्वनी, त्यसका प्रतिरूप 'वं' कार स्वरूप भएका, वज्रशिखर मा फुलेको सुन्दर कमलरूप अद्वय ज्ञानको आश्रय भएका, सबै प्राणीहरूको हृदयमा विहार गर्ने, हेतु निरपेक्ष भएर आफैं साक्षात्कार गर्ने तथागतले नाम संगीतिको प्रकाशन गरुन् ॥१०॥

गम्भीरार्थामुदारार्थां महार्थामसमां शिवाम् ।
आदिमध्यान्तकल्याणीं नामसंगीतिमुत्तमाम् ॥११॥

अहिले सम्म उपदिष्ट नभएको हुनाले नै गम्भीर, मन्त्र महायानद्वारा सिद्ध हुने हुनाले नै अर्थ युक्त भएको र सहज सर्वभाव स्वभावले युक्त हुनाले नै उदार भएका, महामुद्रा अभिषेकद्वारा श्रावकादि असाधारण ज्ञानले युक्त निर्विकार, आदि आनन्द ज्ञान, मध्य परमानन्द ज्ञान र अन्तिममा विश्वानन्द ज्ञान र उनीहरूको ज्ञान दिने हुनाले नै अति उत्तम नानातन्त्र आदिमा बताइएको महासुखकर सहज आनन्द प्रकट गर्ने सम्यक् ज्ञानले नै नाम संगीतिको धारण गर्ने छु ॥११॥

याऽतीतैर्भाषिता बुद्धैर्भाषिष्यन्ते ह्यनागताः ।
प्रत्युत्पन्नाश्च संबुध्दा यां भाषन्ते पुनः पुनः ॥१२॥

यो नामसंगीति अतीतका बुद्धहरूले बताए, अनागत= भाविबुद्धहरूले बताउने छन्, बर्तमानकालिक बुद्धहरूले भनिरहेका छन् । यसरी सबै नै कालमा सबै तथागतहरूले बारम्बार यसको प्रकाशन गरिनै रहन्छन् ॥१२॥

मायाजाले महातन्त्रे या चास्मिन् सम्प्रगीयते ।
महावज्रधरैर्हृष्टैरमेयैर्मन्त्रधारिभिः ॥१३॥

मायाजाल नामक विशिष्ट तन्त्र ग्रन्थमा जुन नामसंगीति आफैं बताईएको छ, त्यसलाई महावज्रधर अर्थात् ज्ञानकायले युक्त भएका, पञ्चज्ञानात्मक सुखको धारण गर्ने, विकल्पद्वारा जान्न नसकिने, सहज स्वभावमा अवस्थित तथागत द्वारा जसको ज्ञान गरिन्छ र प्रकाशन या उपदेश गरिन्छ ॥१३॥

अहं चैनां धारयिष्याम्यानिर्याणाद् दृढाशयः ।
यथा भवाम्यहं नाथ सर्वसम्बुद्धगुह्यधृक् ॥१४॥

त्यसैले हे नाथ ! त्यस नाम संगीतिलाई म अद्वय ज्ञानको रूपमा धारण गर्नेछु । जब सम्म द्वादशभूमीश्वर हुन्न त्यसवेला सम्म दृढतापूर्वक सबै बुद्धहरूद्वारा पाउने गुह्य परमाक्षर चतुर्थबिन्दु धारण गर्ने ज्ञानी हुनेछु ॥१४॥

प्रकाशयिष्ये सत्त्वानां यथाशयविशेषतः ।
अशेषक्लेशनाशाय अशेषाज्ञानहानये ॥१५॥

यसरी बिन्दु धारणकर्ता भएर, प्राणीहरूको सहज प्रकृतिद्वारा त्यसरी नै प्रकाशित गर्नेछु जसद्वारा समग्र क्लेशरूप दुःखको नाश हुनेछ र समग्र विकल्प वासनाको पनि नाश हुनेछ, त्यसैले त्यस नामसंगीतिलाई हे प्रभु ! प्रकाशित गरिदिनुहोस् ॥१५॥

एवमध्येस्य गुह्येन्द्रो वज्रपाणिस्तथागतम् ।
कृताञ्जलिपुटो भूत्वा प्रह्वकायः स्थितोऽग्रतः ॥१६॥

'एवं' काररूप तथागत जो वज्रपाणि हुनुहुन्छ, उनी उहाँलाई यसरी निवेदन गरेर काय, वाक्, चित्त, ऐश्वर्य लाभी, सहज रूपमा कायवाक्चित्तमा निमग्न भई हात जोडेर तथागतको अगाडि उभिन पुगे ॥१६॥

॥ इति अध्येषणाप्रकरणं समाप्तम् ॥

अथ प्रतिवचनप्रकरणम्

अथ शाक्यमुनिर्भगवान् संबुद्धो द्विपदोत्तमः ।
निर्णमय्यायतां स्फीतां स्वजिह्वां स्वमुखाच्छुभाम् ॥१॥

यसरी प्रथम अध्येषणा समाप्त भएपछि शाक्यमुनि भगवान् महावैरोचन वज्रधर ज्ञानकायको बोधद्वारा ज्ञानी मानवहरूमा श्रेष्ठ बुद्धले आफ्नो जिह्वालाई स्थिर गरेर (खेचरी मुद्रामा अवस्थित भएर) अनन्त लोकधातुमा व्याप्त गरेर त्यसैले विश्वबिम्व रूप भएर, सहजानन्द स्वरूपमा अवस्थित भएर भन्नु भयो ॥१॥

स्मितं सन्दर्श्य लोकानामपायत्रयशोधनम् ।
त्रिलोकाभासकरणं चतुर्माराशिशासनम् ॥२॥

सहजचण्डाली ज्योतिलाई प्रकाशित गरेर, देखाएर, संसारको हेतुभूत आनन्द, परमानन्द र विश्वानन्दहरूको काय, वाक्, चित्त बिन्दुहरूको तथा लोक र अलोकहरूको प्रकाशन गर्ने निर्विकल्प रूप-

त्रिलोकमापूरयन्त्या ब्राह्म्या मधुरया गिरा ।
प्रत्यभाषत गुह्येन्द्रं वज्रपाणिं महाबलम् ॥३॥

सहजानन्द ज्ञानले युक्त गुह्येन्द्र, सम्पूर्णविकल्पलाई नष्ट गर्ने हुनाले नै महाबलद्वारा तिनै लोकलाई पुरा गर्दै, आफै उत्पन्न अनाहत नादरूप महान् सुखरूप वाणीद्वारा आफै अनुभूत गर्नुभयो (भन्नुभयो) ॥२-३॥

साधु वज्रधर श्रीमन् साधु ते वज्रपाणये ।
यस्त्वं जगद्धितार्थाय महाकरुणयान्वितः ॥४॥

जगत्को कल्याण गर्ने हे वज्रधर ! अति राम्रो भन्नुभयो, हे श्रीमान् तपाईको कल्याण होस् किनकि जगतको कल्याणका लागि महाकरुणाले युक्त हुनुभएको छ ॥४॥

महार्थां नामसङ्गीतिं पवित्रामघनाशिनीम् ।
मञ्जुश्रीज्ञानकायस्य मत्तः श्रोतुं समुद्यतः ॥५॥

महान् सुख जुन निर्विकल्प सहजावस्थाको प्राप्तिद्वारा सम्भव हुन्छ, त्यो नामसंगीतिमय छ । सम्पूर्ण प्रपञ्च रहित पाप नाश गर्ने नामसंगीतिलाई म ज्ञानकायबाट सुन्न उद्यत छु । त्यो अति राम्रो कुरा हो ॥५॥

तत्साधु देशयाम्येषः अहं ते गुह्यकाधिपः ।
शृणु त्वमेकाग्रमनास्तत्साधु भगवन्निति ॥६॥

त्यसैले हे गुह्येन्द्र ! यस नामसंगीतिको राम्ररी उपदेश गर्दछु । त्यसैले एकाग्र भएर अर्थात् निर्विकल्प अवस्थामा स्थित भएर अनुभव गर, जान ॥६॥

॥ इति प्रतिवचनगाथाप्रकरणं समाप्तम् ॥

अथ षट्कुलावलोकनप्रकरणम्

अथ शाक्यमुनिर्भगवान् सकलं मन्त्रकुलं महत् ।
मन्त्रविद्याधरकुलं व्यवलोक्य कुलत्रयम् ॥१॥

यसरी प्रतिवचन उत्तर दिईसकेपछि शाक्यमुनि भगवान् तथागतद्वारा गाथाका माध्यमले उपदेश गरियो । मन्त्र महायानको उपदेश, जुन अतिशय ठूलो छ, जुन षट्चक्रमा वज्रसत्त्वादि तथागतात्मक छ, साथै जुन मन्त्रविद्या बोधिचित्त स्वरूप र स्वसंवेद्य पनि छ, जुन चाँहि नि:स्पन्द, आनन्द र शुक्ररूप वज्रधारण गर्ने अक्ष्योभ्य हो, त्यसैले मन्त्रविद्यालाई धारण गर्ने हुनाले नै मन्त्रविद्याधर भनिएको हो । त्यसलाई हेरेर अर्थात् स्वयं अनुभव गरेर अर्थात् कायवाक्चित्तलाई हेरेर, त्यसैले नाभिचक्रमा स्थित वज्ररूप स्वभाव वैरोचन नै हो ॥१॥

लोकलोकोत्तरकुलं लोकालोककुलं महत् ।
महामुद्राकुलं चाग्र्यं महोष्णीषकुलं महत् ॥२॥

काय, वाक्-चित्त, हृदय= धर्मचक्र, त्यसमहासुखमा युक्त त्यो हो- अमिताभ जुन सहज संज्ञा स्वभावरूप छ । लोकालोककुलं= संसारको प्रभास्वर प्रकाशक त्यसको स्थान कण्ठमा अवस्थित छ । महामुद्राकुलंचाग्र्यं= महामुद्रा कुल अर्थात् अमोध सिद्धि नै हो । महोष्णीषकुल अर्थात् वज्रसत्त्वलाई पनि हेरेर भगवान्ले गाथा द्वारा उपदेश गर्नु भयो ॥२॥

॥ इति षट्कुलावलोकनप्रकरणं समाप्तम् ॥

अथ मायाजालाभिसम्बोधिप्रकरणम्

इमां षड्मन्त्रराजानं संयुक्तामद्वयो दयाम् ।
अनुत्पादधर्मिणी गाथां भाषते स्म गिरांपते: ॥१॥

यी ६ वटा वज्रतीक्ष्ण आदि अद्वय= शून्यता करुणाबाट अभिन्न प्रज्ञा-उपायद्वय, समाधिबाट उत्पन्न महासुखरूप मन्त्रको यहाँ उद्‌गार गरिएको छ। जुन मन्त्र उत्पन्न छ। जुन अद्वय मध्यम मार्ग छ त्यो गुरुद्वारा प्रतिपादित हुन सक्तैन। आफु द्वारा नै अनुभूत गर्न सकिन्छ। यहाँ दुई वटा गाथा भगवान्‌ले प्रतिपादित गर्नुभएको छ ॥१॥

अ आ इ ई उ ऊ ए ऐ ओ औ अं अ: स्थितो हृदि ।
ज्ञानमूर्तिरहं बुद्धो बुद्धानां त्र्यध्ववर्तिनाम् ॥२॥

अकार आदि १२ ओटा स्वरहरू निर्दिष्ट गरिएका छन् । ती सबै हृदयप्रदेशमा अवस्थित छन्। पीठ, उपपीठ आदि शरीरव्यापी बोधिचित्तकलासूचक महासुखकर ती अक्षर हुन्। १२ वटा अक्षरमा विराजमान १२ वर्णरूप ज्ञानमूर्ति बोधिचित्तहरूको, तीन मार्गमा अवस्थित बुद्धहरूको पनि बुद्ध हुँ ॥२॥

ॐ वज्रतीक्ष्णदु:खच्छेद प्रज्ञाज्ञानमूर्तये ।
ज्ञानकायवागीश्वर अरपचनाय ते नम: ॥३॥

ॐ= वज्रकाय, वाक्, चित्तहरूको एकीकरण नै ॐ हो। त्यही नै सहज ज्ञान हो। त्यसद्वारा सम्पूर्ण विकल्प वायुहरूको संहार गरिने हुनाले त्यो तीक्ष्ण छ । त्यही नै दु:खको नाशक प्रज्ञा ज्ञानमूर्ति हो । यहाँ दु:खच्छेद= नाभिस्थ वैरोचन हो र प्रज्ञा ज्ञानमूर्ति अमिताभ हो। ज्ञान काय रत्नसम्भव हो, वागीश्वर अमोघसिद्धि हो । अरपचनं= प्रज्ञा र उपाय द्वारा प्रकाशित भएको वज्रसत्त्व हो। त्यस्ताको साक्षात् दर्शन द्वारा नमस्कार छ ॥३॥

॥ इति मायाजालाभिसम्बोधिप्रकरणं समाप्तम् ॥

अथ वज्रधातुमहामण्डलप्रकरणम्

तद्यथा भगवान् बुद्धः सम्बुद्धोऽकारसम्भवः ।
अकारः सर्ववर्णाग्र्यो महार्थः परमाक्षरः ॥१॥

महामुद्रा अद्वैत रूप हो, त्यो नै भगवान् हो । सहजज्ञान नै बुद्ध हो । नित्य प्रबुद्ध वज्र नै सम्बुद्ध हो । अ कार प्रज्ञापारमित हो । त्यसबाट उत्पन्न प्राज्ञोपायरूप सहजकाय हो । त्यही नै अकार सबै वर्णहरूको मूल हो । किनकि त्यही अनाहत नाद हो । सम्पूर्ण बुद्धका गुणहरूको प्रकाशक हुनाले महार्थ हो । उत्पाद निरोधआधारित हुनाले परमाक्षर हो ॥१॥

महाप्राणो ह्यनुत्पादो वागुदाहारवर्जितः ।
सर्वाभिलापहेत्वग्र्यः सर्ववाक् सुप्रभास्वरः ॥२॥

त्यही नै (अकार= बुद्ध) दुवै नासिकाबाट संचरित नहुने हुनाले महाप्राण हो । त्यसैले निर्विकल्प निरालम्बनात्मक अनुत्पाद हो । त्यसैले त्यो शब्द रहित तत्त्व हो । सबै स्वर एवं व्यञ्जनहरूको अग्रस्थानीय भएको हुनाले पारमार्थिक शून्यता करुणाबाट अभिन्न हो । सबै वर्णहरूको प्रकाशक भएको हुनाले परम अक्षर अकार स्वभावयुक्त भएको हो ॥२॥

महामहमहारागः सर्वसत्त्वरतिङ्करः ।
महामहमहाद्वेषः सर्वक्लेशमहारिपुः ॥३॥

अलौकिक उत्सव, परम सुखात्मक वज्रसत्त्व नै महामह महाराग हो । त्यसैले ऊ सबै प्राणीहरूको लागि आनन्ददायक छ । महाद्वेष- अक्षोभ्य, सबै प्रकारका श्वास, प्रश्वास रहित अचल स्वभाव युक्त सर्वक्लेश महारिपु भगवान् तथागत हुनुहुन्छ ॥३॥

महामहमहामोहो मूढधीर्मोहसूदन:
महामहमहाक्रोधो महाक्रोधरिपुर्महान् ॥४॥

तुच्छ मोहबाट माथि उठेकाले नै "महामह महामोह" भनिएको हो। निर्विकल्प सहजज्ञान युक्त, परमब्रह्मचर्य युक्त, सबै विकल्प नाशक महा क्रोध। त्यसैले काय, वाक्, चित्त वज्रहरूलाई एकात्मभावले राखेर बस्ने हुनाले नै "महाक्रोध रिपुर्महान्" भनिएको हो ॥४॥

महामहमहालोभ: सर्वलोभनिषूदन: ।
महाकामो महासौख्यो महामोदो महारति: ॥५॥

तुच्छ लोभको अतिक्रमण गरिसकेको, नाक (नासिका) बाट सुखहरूलाई छोडिसकेको, कायको आनन्दले निमग्न भएको, वचनको आनन्द पनि पाईसकेको ज्ञानानन्दमा निमग्न तथागत हुनुहुन्छ ॥५॥

महारूपो महाकायो महावर्णो महावपु: ।
महानामा महोदारो महाविपुलमण्डल: ॥६॥

मणिपुरमा (नाभिचक्र) सुख संकल्प भएका, सम्भोग काय युक्त अलौकिक वर्ण भएका, अपूर्ववाक् आनन्द भएका, नामपात्रलाई अतिक्रमण गरेका, सुखको उदारताले गर्दा महोदार स्वरूप, विपुल सुखलाई प्राप्त गर्ने बोधिप्राप्त तथागत हुनुहुन्छ ॥६॥

महाप्रज्ञायुधधरो महाक्लेशाङ्कुशोऽग्रणी: ।
महायशा महाकीर्तिर्महाज्योतिर्महाद्युति: ॥७॥

धर्मधातु रूप महाप्रज्ञा शून्यतालाई हृदय देशमा धारण गर्ने, प्राकृत राग द्वेष आदिको निर्मल पार्ने व्यक्तिहरूमा अग्रणी, अनाहत नादबाट सहज आनन्द प्राप्त गर्नाले ठूलो यश भएका, सबैलाई आनन्द उपलब्ध गराउने, सबै

धर्महरूको निरोध, उत्पन्न, निर्मल प्राकृतिक ज्योति स्वरूप, ग्राह्य ग्राहक प्रपञ्च रहित, महाद्युति तथागत हुनुहुन्छ ॥७॥

महामायाधरो विद्वान् महामायार्थसाधकः ।
महामायारतिरतो महामायेन्द्रजालिकः ॥८॥

दिव्य मुद्रालाई तादात्म्य स्वरूपले धारण गर्ने, त्यसैले विद्वान्, महामुद्राको धारण द्वारा जगत्को कल्याण सम्पादन गर्ने, महामुद्राद्वारा प्राप्त आनन्दमा रमण गर्ने, अद्वय आनन्दमा सधैं स्थित रहने, यसरी १६ वटा आनन्दले युक्त तथागत हुनुहुन्छ ॥८॥

महादानपतिः श्रेष्ठो महाशीलधरोऽग्रणीः ।
महाक्षान्तिधरो धीरो महावीर्यपराक्रमः ॥९॥

सम्पूर्ण बाह्य एवं आध्यात्मिक पदार्थको त्याग गर्नेहरूको अधिपति, त्यसैले श्रेष्ठ, अतिशय उच्च, बाह्य स्त्री संपर्क आदिबाट मुक्त-चित्त एकाग्र लक्षण, बाह्यशब्दादि क्षोभ रहित, त्यसैले धीर, समग्र श्वास प्रश्वास आदि निरोध भएको हुनाले महावीर्य, त्यही नै पराक्रम भएका तथागत हुनुहुन्छ ॥९॥

महाध्यानसमाधिस्थो महाप्रज्ञाशरीरधृक् ।
महाबलो महोपायः प्रणिधिर्ज्ञानसागरः ॥१०॥

सहज सुखमा चित्तको एकाग्रता भएका, त्यही नै समाधि अर्थात् बाह्य विक्षेप रहित अवस्थामा स्थित, अनाहत नाद युक्त शरीर भएका, शून्यता करुणा अभिन्न संसार ज्ञान बल रूप अद्वय नै महत् तत्वले युक्त भएका, करुणा रूप महान् उपायको आलम्बन गर्ने, अहंकार रहित ज्ञानको सागर भएका तथागत हुनुहुन्छ ॥१०॥

महामैत्रीमयोऽमेयो महाकारुणिकोऽग्रधीः ।
महाप्राज्ञो महाधीमान् महोपायो महाकृतिः ॥११॥

लोकोत्तर सुखद्वारा जगत्लाई प्रकाशित गर्ने, त्यसैले कसैसंग तुलना गर्न नसकिने, जगत्का दुःखको नाश गर्नमा अग्रणी भूमिका निर्बाह गर्ने, सधैं स्वयं सुखमा रहने, महामुद्राको धारणद्वारा सबैको कल्याण सम्पादन गर्ने, युगनद्ध रूपले सबै प्राणीको हितको त्याग कहिल्यै नगर्ने, गति र अगतिका सुखद्वारा सबै लोकलाई व्याप्त गर्ने, दशप्रकारका प्रत्याहारको बोध गर्ने भगवान् तथागत हुनुहुन्छ ॥११॥

महाऋद्धिबलोपेतो महावेगो महाजवः ।
महर्द्धिको महेशाख्यो महाबलपराक्रमः ॥१२॥

सहज आनन्दमा चित्त रमाएर २१ हजार ६ सय श्वास-प्रश्वासमाथि नियन्त्रण गर्ने, सबै नाडीमा व्याप्त भएका, संवृत्ति र विवृत्ति क्रमद्वारा सबै अंगमा व्याप्त, लौकिक एवं अलौकिक पुण्य संभारका धनी, त्यसैले ठूलो मानिएका पञ्च अनन्तर्य पापलाई पारगर्ने हुनाले नै पराक्रम युक्त तथागत हुनुहुन्छ ॥१२॥

महाभवाद्रिसंभेत्ता महावज्रधरो घनः ।
महाक्रूरो महारौद्रो महाभयभयङ्करः ॥१३॥

रागादि क्लेश रूपी २० चुचुरा भएको भव (संसार) को भेदन गर्ने, आलोक-आलोकाभास-आलोकोपलब्धि रूप निराभास स्वरूप वज्रधारण गर्ने, ठूलो सुखमा रहने, प्राण र अपान वायुको अतिक्रमण गर्ने, सबै विषयतिर लैजाने प्राण र इन्द्रियहरूमाथि विजय गर्ने, शाश्वतवाद र उच्छेदवाद यी दुई भयबाट मुक्त गर्ने हुनाले नै महाभय अर्थात् भयङ्कर तथागत हुनुहुन्छ ॥१३॥

महाविद्योत्तमो नाथो महामन्त्रोत्तमो गुरुः ।
महायाननयारूढो महायाननयोत्तमः ॥१४॥

सधैं महामुद्रा धारण गर्ने, स्वामी, महासुखज्ञानको अवस्थामा रहने, सुखमय ज्ञानको उपदेश गर्ने गुरु, महासुख ज्ञानमा सधैं आरुढ रहने, चतुर्थ उत्तम ध्यानमा अवस्थित भई रहने तथागत हुनुहुन्छ ॥१४॥

॥ इति वज्रधातुमहामण्डलप्रकरणं समाप्तम् ॥

अथ सुविशुद्धधर्मधातुज्ञानप्रकरणम्

महावैरोचनो बुद्धो महामौनी महामुनिः ।
महामन्त्रनयोद्भुतो महामन्त्रनयात्मकः ॥१॥

ज्ञानमय काय नै महावैरोचन हो, महासुख प्रबोध भएको हुनाले बुद्ध भनिएको हो । वाणीले वर्णन गर्न नसक्ने सुखरूप वाक् चित्त मौनको योग भएको, मनन गर्ने हुनाले महामुनि भनिएको हो । महासुख ज्ञान नै मन्त्र हो, त्यसबाट समुद्भुत प्राप्तिले युक्त, अतएव महायन्त्र नीतियुक्त तथागत हुनुहुन्छ ॥१॥

दशपारमिताप्राप्तो दशपारमिताश्रयः ।
दशपारमिताशुद्धिर्दशपारमितानयः ॥२॥

दान, शील, क्षान्ति, वीर्य, ध्यान, प्रज्ञा, उपाय, बल, ज्ञान, प्रणिधिः, यी दश पारमिताको साक्षात्कर्ता, तीनको नै आश्रय गर्ने बोधिचित्त, आधार आधेय भावद्वारा त्यहीं तादात्म्य रूपले विशुद्ध भावमा रहने, त्यसैले दशपार मितामार्गभेदवेत्ता पनि तथागत हुनुहुन्छ ॥२॥

दशभूमीश्वरो नाथो दशभूमिप्रतिष्ठितः ।
दशज्ञानविशुद्धात्मा दशज्ञानविशुद्धधृक् ॥३॥

प्रमुदितादि दशभूमि आदिको ईश्वर, समाधिको अनुगमन गर्नाले नाथ भएको, दशभूमिमा प्रतिष्ठित, धूमादि दश निमित्तज्ञ, विषय विषयी रूप दश ज्ञानको विशुद्धताको वेत्ता एवं धारणकर्ता भगवान् तथागत हुनुहुन्छ ॥३॥

दशाकारो दशार्थार्थो मुनीन्द्रो दशबलो विभुः ।
अशेषविश्वार्थकरो दशाकारावशी महान् ॥४॥

वाम-दक्षिणादि दश मण्डलको निरोधद्वारा दशाकाररूप, प्राणापानसमानादि दश वायुको धारण गर्नाले दशार्थार्थ रूप, त्यसैले मुनीन्द्र पनि भनिन्छ। पूर्वोक्त दश अवस्था नै बलभएको दशबल, तीनलोक व्याप्त भएकोले विभु, स्कन्ध धातु आयतनादिको प्रकाशन गर्नाले अशेष विश्वार्थकर, पूर्वोक्त दशवायुहरूको निरोध लक्षणयुक्त समाधिमा अवस्थित हुने, त्यसैले नै 'वशि' भनिएको हो। सहज रूपले तीनै लोकलाई प्रकाशित गर्नाले महान् संज्ञा भएका तथागत हुनुहुन्छ ॥४॥

अनादिर्निष्प्रपञ्चात्मा शुद्धात्मा तथतात्मकः ।
भूतवादी यथावादी तथाकारी ह्यनन्यवाक् ॥५॥

आदि रहित सर्वविध असत्संकल्प विवर्जित चित्तावस्था भएको, महार ाग रूप आगोले स्कन्ध-धातु-आयतनको आवरणलाई डढाएको, महासुखरूप बिन्दुमा विहार गर्ने अविपरीत सुखको वक्ता एवं प्रकाशक, जस्तो वक्ता छ उस्तै नै कर्ता, आफ्नो अनुभवको मात्र व्याख्याता तथागत बुद्ध हुनुहुन्छ ॥५॥

अद्वयोऽद्वयवादी च भूतकोटिव्यवस्थितः ।
नैरात्म्यसिंहनिर्णादी कुतीर्थ्यमृगभीकरः ॥६॥

सुख शुक्ररूप अद्वय, त्यसलाई प्रकाशन गर्ने अद्वयवादी वास्तविक ज्ञानको शिखरमा अवस्थित, सबै धर्महरूको नैरात्म्य बोद्धा, त्यही नै सिंह, अनाहत नादमा उल्लिखित अतत्त्व ज्ञान रूप आत्मादि तत्त्वलाई मान्ने, कुतीर्थ्यरूप मृगहरूलाई सिंहनिनादले डराउने, शून्यता रूप निनाद नै सिंह निनाद भन्ने बुझ्नु पर्दछ। त्यस्तो तथागत बुद्ध हुनुहुन्छ ॥६॥

सर्वत्रगोऽमोघगतिस्तथागतमनोजवः ।
जिनो जितारिर्विजयी चक्रवर्ती महाबलः ॥७॥

सबै स्कन्ध-धातु-आयतन आदिमा व्यापकरूपले रहने, त्यसैले अव्याहत गति भएको, तथागत रूप, त्रैधातुकमा मन जस्तै तीव्र वेगले जान सक्ने, सबैलाई जित्ने, अविद्यादि द्वादश प्रतीत्यसमुत्पाद निरोध गर्ने हुनाले जितारी। सबै विकल्पात्मक वायुको विजय गर्ने, षट् चक्रमा रहन सक्ने हुनाले चक्रवर्ती तथा चतुरङ्ग, षडङ्ग बलको विजय गर्नाले महाबल तथागत हुनुहुन्छ ॥७॥

गणमुख्यो गणाचार्यो गणेशो गणपतिर्वशी ।
महानुभावो धौरेयोऽनन्यनेयो महानयः ॥८॥

७२ हजार नाडीगणमा व्याप्त स्वामीका रूपमा मुख्य भएका, परमानन्दको आचार्य= पथप्रदर्शक, पञ्चस्कन्धादि पदार्थको सहजरूपमा परिवर्तन गर्नाले गणेश स्वरूप, मायोपम पदार्थहरूको स्वामी बोधिचित स्वरूप र त्यसमा पनि सबै रूपको प्रकाशन गर्ने, प्रभावशाली, प्राणादि वायुहरूको महासुखमा परिवर्तन गर्ने हुनाले धुरन्धर, अरु कसैले प्रयोग गर्न नसक्ने, निरालम्बन स्वरूपात्मक तथागत हुनुहुन्छ ॥८॥

वागीशो वाक्पतिर्वाग्मी वाचस्पतिरनन्तगीः ।
सत्यवाक् सत्यवादी च चतुःसत्योपदेशकः ॥९॥

वरदान आदि दिन सक्ने वाणीले युक्त भएका, अनाहत नाद रूप वाणिले युक्त भएका, धर्म नैरात्म्य प्रकाशक भएकाले वाग्मी, सत्सुख प्रापक, अनन्तवाणी भएका, धर्मचक्र प्रवर्तक, स्वसंवेद्य ज्ञान प्रकाशक, सहजानन्दादिका उपसक तथागत हुनुहुन्छ ॥९॥

अवैवर्तिको ह्यनागामी खड्गः प्रत्येकनायकः ।
नानानिर्याणनिर्यातो महाभूतैककारणः ॥१०॥

अचला भूमिमा अवस्थित, असंसारी, सबैनाडीहरूमा प्रकाशित, महासुख प्राप्तिद्वारा प्रत्येक नाडीको नायक, समस्त विकल्प क्लेशलाई समाप्त पारेर

सुखमा अवस्थित, पञ्चमहाभूतको पनि कारण स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१०॥

अर्हन् क्षीणास्रवो भिक्षुर्वीतरागो जितेन्द्रियः ।
क्षेमप्राप्तोऽभयप्राप्तः शीतीभूतो ह्यनाविलः ॥११॥

सम्यक् समाधिद्वारा समस्तविकल्पक्लेशरूप शत्रुलाई जितेको, अविद्याको नाशद्वारा समस्त आस्रवहरू क्षीण भई सकेको हुनाले भिक्षु स्वरूप, प्राकृतिक रागको नाशले वीतराग भएका, समस्त इन्द्रिय माथि विजय गरेका, आश्चर्य जनक सुख प्राप्त गरेका, च्युत नहुने सुखप्राप्ति द्वारा अभय पद प्राप्त गरेका, रागनाशद्वारा शीतल भएका, रागविराग रहित भएका ज्ञानकाय तथागत हुनुहुन्छ ॥११॥

विद्याचरणसम्पन्नः सुगतो लोकवित्परः ।
निर्ममो निरहङ्कारः सत्यद्वयनयस्थितः ॥१२॥

महाप्रज्ञा ज्ञानद्वारा चतुर्थाभिषेक ग्रहण गरेका, पुनरावृत्ति रहित अवस्थामा पुगेका हुनाले सुगत, स्कन्ध धातु आयतन आदि लोकलाई जानेका, परमानन्द प्राप्तिद्वारा परस्वरूप भएका, आत्मीयादि ममताराहित्य हुनाले निर्मम, अहङ्कार हीन, संवृत्ति र परमार्थ सत्यमार्गको वेत्ता भगवान् तथागत हुनुहुन्छ ॥१२॥

संसारपारकोटिस्थः कृतकृत्यः स्थलस्थितः ।
कैवल्यज्ञाननिष्ठ्यूतः प्रज्ञाशस्त्रो विदारणः ॥१३॥

संसाररूपी आनन्द पार गरेर सहजानन्द सुखमा अवस्थित, चतुर्थाभिषेक लिई सकेका, निर्वाणरूप सुखमा स्थित अर्थात् ज्ञानकाय, शुद्ध अद्वयधर्मता लक्षण ज्ञानमा स्थित अर्थात् धर्मकाय, त्यहाँबाट पनि पर अक्षरसुखमा स्थित विश्वबिम्बदर्शनरूप शस्त्रद्वारा समग्र क्लेशलाई नष्ट गर्ने, त्यसैले हेय उपादेय विकल्प जालो तोडेर अवस्थित भगवान् तथागत हुनुहुन्छ ॥१३॥

सद्धर्मो धर्मराड् भास्वान् लोकालोककरः परः ।
धर्मेश्वरो धर्मराजः श्रेयो मार्गोपदेशकः ॥१४॥

सद्गुरूपदेशद्वारा प्राप्त हुने तथा 'एवं' कार रूप सुखलक्षण युक्त हुनाले नै सद्धर्मस्वरूप भएका, धर्मधातुमा अवस्थित प्रकाशनशील, बुद्धरूप ज्योति द्वारा लोकालोकलाई प्रकाशित गर्ने साथै अतिशय उत्कृष्ट ज्योति स्वरूप, महासुखको वर्षाद्वारा लोकरञ्जन गर्ने, स्वाधिष्ठान मार्गको उपदेशक भगवान् तथागत हुनुहुन्छ ॥१४॥

सिद्धार्थः सिद्धसङ्कल्पः सर्वसङ्कल्पवर्जितः ।
निर्विकल्पोऽक्षयो धातुर्धर्मधातुः परोऽव्ययः ॥१५॥

सबै धर्म (पदार्थ) हरूलाई ज्ञानमा परिणत गर्ने, त्यही नै परमार्थ रूप हो, निरन्तर ग्राह्य-ग्राहकवेत्ता, त्यसैले सर्व सङ्कल्प रहित अवस्थामा स्थित, निर्विकल्पचित्तद्वारा सर्व कर्म गर्ने, क्षय रहित, सबै पदार्थको प्रकृति रूप कायत्रय एवं महासुख रूप, च्युत नहुने, स्वयम्भू स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१५॥

पुण्यवान् पुण्यसंभारो ज्ञानं ज्ञानाकरं महत् ।
ज्ञानवान् सदसज्ज्ञानी संभारद्वयसम्भृतः ॥१६॥

महाकरुणा रूप पुण्यले युक्त, त्यसैपुण्यसमूहले व्याप्त-सुख ज्ञानवान्, ज्ञान संभारयुक्त, त्यसैले ज्ञानको खानी, षोडश कला युक्त, नित्यनिर्विकल्प ज्ञानमा स्थित, सबै भ्रमबाट मुक्त दुईसम्भारले युक्त भगवान् तथागत हुनुहुन्छ ॥१६॥

शाश्वतो विश्वराड् योगी ध्यानं ध्येयो धियां पतिः ।
प्रत्यात्मवेद्यो ह्यचलः परमाद्यस्त्रिकायधृक् ॥१७॥

समग्र रोमकुपाकारमा व्याप्त प्रकाशरूप शाश्वत, ७२ हजार नाडी नै विश्व हो त्यसै सुखरूपमा रहने हुनाले विश्वराट्, काय, वाक् र चित्तलाई एक गर्ने, चार आनन्दमा अवस्थित, सहस्रारमा अवस्थित, सर्वतथागत ज्ञानकायरूप, आफैमा आनन्दको अनुभव गर्ने, विकल्प वायु रहित, वज्रसत्त्वरूप, त्रिकायलाई धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१७॥

पञ्चकायात्मको बुद्धः पञ्चज्ञानात्मको विभुः ।
पञ्चबुद्धात्ममुकुटः पञ्चचक्षुरसङ्गधृक् ॥१८॥

जाग्रत-स्वप्न-सुषुप्त-तुरीय-तुरीयातीत अवस्थामा स्थित, आफैमा सुखरूप बुद्ध, पञ्च कुलात्मक ज्ञानले युक्त, व्यापक, निरावरण, पञ्चस्कन्ध प्रकाशक हुनाले पञ्चबुद्धात्ममुकुट रूप, प्रत्याहार, ध्यान, प्रणायाम, धारणा, अनुस्मृतिको प्रकाशनद्वारा पञ्च चक्षु स्वरूप, समाधिमा रहिरहने भगवान् तथागत हुनुहुन्छ ॥१८॥

जनकः सर्वबुद्धानां बुद्धपुत्रः परो वरः ।
प्रज्ञाभवोद्भवो योनिर्धर्मयोनिर्भवान्तकृत् ॥१९॥

महासुखरूप ८४ हजार चित्त क्षणहरूको जनक, प्रभास्वर चित्त युक्त हुनाले बुद्ध, त्यसै ज्ञानमा आरूढ बुद्धपुत्र, तीन आनन्दलाई पार गरेका आफ्नो अनुभवमा रत, विश्वविम्बको उत्पत्तिस्थान, संभोगकाय रूप, ज्ञानकाय रूप, संसारको अन्त गरेर सहजानन्दमा स्थित भगवान् तथागत हुनुहुन्छ ॥१९॥

घनैकसारो वज्रात्मा सद्योजातो जगत्पतिः ।
गगनोद्भवः स्वयम्भूः प्रज्ञाज्ञानानलो महान् ॥२०॥

बाक्लो-निबीड, अद्वितीय, सहजसुखमा अवस्थित, ज्ञानका रूप, श्रद्धाशील व्यक्तिहरूको हृदयमा गुरु रूपले आभिर्भूत हुने हुनाले सद्योजात, सबै माता पिताकै स्थानमा अवस्थित, मेघ रहित= क्लेश हीन (क्लेशहीन) धर्मगगनबाट

उद्भुत= अवतरित, सबै विकल्परहित चित्तयुक्त, ज्ञानज्वालायुक्त = वैरोचन र सर्वव्यापक तथागत हुनुहुन्छ ॥२०॥

वैरोचनो महादीप्तिर्ज्ञानज्योतिर्विरोचनः ।
जगत्प्रदीपो ज्ञानोल्को महातेजाः प्रभास्वरः ॥२१॥

प्रकृति प्रभास्वर ज्ञान नै वैरोचन हो, ठूलो प्रकाश पुञ्ज, ज्ञान नै ज्योति भएका, दीप जस्तै जगत्‌लाई प्रकाश गर्ने, ज्ञान नै अगुल्टो भएका, अतिशय तेजस्वी त्यसैले प्रभास्वर, प्रकाशमय भगवान् तथागत हुनुहुन्छ ॥२१॥

विद्याराजोऽग्रमन्त्रेशो मन्त्रराजो महार्थकृत् ।
महोष्णीषोद्भूतोष्णीषो विश्वदर्शी वियत्पतिः ॥२२॥

महामुद्राका स्वामी, महासुखमा प्रधान, पारमार्थिकमन्त्रका राजा, महासुखरूपले तीनै लोकमा प्रकाशित हुने, ज्ञानविन्दुबाट उद्भुत उष्णीश स्थानस्थ ज्ञानरूप, सम्बोधिलाई देखाउन सक्ने, शून्यताका स्वामी भगवान् तथागत हुनुहुन्छ ॥२२॥

सर्वबुद्धात्मभावाग्र्यो जगदानन्दलोचनः ।
विश्वरूपी विधाता च पूज्यो मान्यो महात्रृषिः ॥२३॥

सबै बुद्धहरूको स्वसंवेद्य सुख ज्ञानात्मक श्रेष्ठ ज्ञानकाय, आनन्द रूपले समग्र जगत्‌लाई हेर्ने, स्थिर एवं चलपदार्थलाई अनेक रूपले हेर्ने, समग्र मन्त्रमुद्राको जन्मदाता, सहजरूपमा स्थित हुनाले पूज्य, नित्य मुद्रादिको सेवन गर्ने हुनाले मान्य, परमज्ञानका वेत्ता भएकाले महर्षि स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥२३॥

कुलत्रयधरो मन्त्री महासमयमन्त्रधृक् ।
रत्नत्रयधरः श्रेष्ठस्त्रियानोत्तमदेशकः ॥२४॥

काय, वाक् चित्तलाई धारण गर्ने, लोकोत्तर ज्ञानलाई धारण गर्ने हुनाले मन्त्री, सम्बोधिसमाधिलाई धारण गर्ने, धर्मकाय, सम्भोगकाय र निर्माणकायलाई धारण गर्ने, आदि र अन्त रहित, चतुर्थ आनन्दको प्रकाशक भगवान् तथागत हुनुहुन्छ ॥२४॥

अमोघपाशो विजयी वज्रपाशो महाग्रहः ।
वज्राङ्कुशो महापाशः -

अबन्ध्य षडङ्गयोगपाशले युक्त भएका, वायु निरोधद्वारा विजयी, चित्तरूप वज्रपाशले युक्त भएका, महान् बोधिचित्तको अवस्थामा रहने, सबै समाधिलाई आफूतिर तान्ने, बोधिचित्तद्वारा स्कन्ध-धातु-आयतनलाई बाँध्ने भगवान् तथागत हुनुहुन्छ ।

॥ सुविशुद्धधर्मधातुज्ञानप्रकरणमं समाप्तम् ॥

अथ आदर्शज्ञानप्रकरणम्

वज्रभैरवभीकरः ॥२५॥

स्वयं महासुखरूप सहजानन्दावस्थामा भएको हुनाले नै समस्त दृष्टिगत विकल्पहरूलाई भयभीत गर्दै निर्विकल्प अवस्थामा स्थित भगवान् तथागत हुनुहुन्छ ॥२५॥

क्रोधराट् षण्मुखो भीमः षण्नेत्रः षड्भुजो बली ।
दंष्ट्राकरालः कङ्कालो हलाहलः शताननः ॥१॥

महासुख स्वभाव मञ्जु श्री, प्रत्याहारादि षट्मुखयुक्त, सर्वदुःखको नाश गर्ने हुनाले भीम, षड् अभिज्ञादि स्वभावयुक्त, षड्नेत्र, षड् विषयलाई सुख रूपले भोग्ने षड्भुज, स्कन्धादिको वेध गर्न समर्थ हुनाले 'बली' चण्डालीको उपदेशक, सुखको आकलन गर्ने हुनाले कंकाल, आकाश रूप ज्ञान नै मुख स्वरूप भएका भगवान् तथागत हुनुहुन्छ ॥१॥

यमान्तको विघ्नराजो वज्रवेगो भयङ्करः ।
विघुष्टवज्रो हृद्वज्रो मायावज्रो महोदरः ॥२॥

युगनद्धको वहन कर्ता, कामको अन्तक, सम्यक् ज्ञानको वेग रूप नाद बिन्दुलाई एक गरेर समस्त विकल्पलाई समाप्त गर्ने, महाशव्दद्वारा अवेद्य वज्र युक्त, त्यही नै सहज काय हृदयवज्र हो, मायादि पदार्थद्वारा अभेद्य कवच भएका, समग्र भावहरूलाई आत्मसात् गर्ने भगवान् तथागत हुनुहुन्छ ॥२॥

कुलिशेशो वज्रयोनिर्वज्रमण्डो नभोपमः ।
अचलैकजटाटोपो गजचर्मपटार्द्रधृक् ॥३॥

ओडियान र जालन्धरको बीचमा महा सुखरूपले रहने हुनाले ईश्वर रूप, कायवाक् चित्तहरूको उत्पत्ति स्थान एवं अभेद्य शक्ति सम्पन्न, शून्य रूप, प्राणरोकेर निश्चल हुने, समरस भावमा रहने, दिव्यमुद्रा धारण गर्नाले आनन्ददायक, श्वेतगजचर्म जस्तो अवस्थामा स्थित भगवान् तथागत हुनुहुन्छ ॥३॥

हाहाकारो महाघोरो हीहीकारो भयानकः ।
अट्टहासो महाहासो वज्रहासो महारवः ॥४॥

महासुख भएपछि त्यो आनन्दको क्षणमा 'हाहा' यस्तो ध्वनि प्रकट गर्ने, त्यो शब्द अति तीव्र भएका, हि हि यस्तो शब्द प्रकट गर्ने आनन्दको क्षणमा, पराक्रमी, महामुद्रा प्रयोग द्वारा खुलेर हास्ने, ज्ञानद्वारा हाँस्ने, नाट्य सुखद्वारा हास्ने, तीनै लोकमा सुखको हाँसो हाँस्ने तथागत हुनुहुन्छ ॥४॥

वज्रसत्त्वो महासत्त्वो वज्रराजो महासुखः ।
वज्रचण्डो महामोदो वज्रहूँकारहूँकृतिः ॥५॥

अभेद्यबोधिचित्त भएका, अविच्छिन्न ज्ञान बिन्दुमा स्थित भएका, वज्रभित्र महासुखमा रहेका, त्यसैले महासुखी, निर्वाण गतिको वेगमा रहने, अमृतमा आनन्दित हुने, ओडियान-जालन्धर-पुल्लीर-मलय-मरुत सञ्चरण द्वारा सधै हूंकार गरिरहने भगवान् तथागत हुनुहुन्छ ॥५॥

वज्रबाणायुधधरो वज्रखड्गो निकृन्तनः ।
विश्ववज्रधरो वज्री एकवज्री रणञ्जहः ॥६॥

दुई नासिकाको निरोध द्वारा समाधिस्थ रहने, अद्वयज्ञानरूपी खड्ग लिने, वासनाहरूलाई काट्ने, अक्षोभ्यादि पञ्च तथागत स्वभाव र लोचनादि पञ्चदेवी स्वभावलाई नासापुट द्वारा सञ्चार गरेर निश्चल गर्नाले विश्ववज्रधर भनिएको हो, अभेद्य ज्ञानको धारक, अद्वयज्ञान युक्त भएका एक वज्री, काम मुद्रादि विकल्प रणको हनन गर्नाले रणञ्जह भगवान् तथागत हुनुहुन्छ।

वज्रज्वालाकरालाक्षो वज्रज्वालाशिरोरुहः ।
वज्रावेशो महावेशः शताक्षो वज्रलोचनः ॥७॥

ज्ञान चण्डालीको ज्वलनद्वारा सुखपूर्वक हेर्न सक्ने वज्रज्वाला जस्तै अभेद्य रूपले शिरमा रहने, वज्रको आवेश भएका महान् सुखमा निमग्न, अनुभव ज्ञानले धेरै आँखाहरूले हेर्ने, विश्वको अव्याहत दर्शन गर्ने तथागत हुनुहुन्छ।

वज्ररोमाङ्कुरतनुर्वज्ररोमैकविग्रहः ।
वज्रकोटिनखारम्भो वज्रसारघनच्छविः ॥८॥

साडे तीन करोड रोमभित्र शुक्र रूपले बग्ने, नाडिहरूका अंकुरको ज्ञानद्वारा भोग गर्ने, अभेद्य ज्ञानरूप रोम नै एक मात्र शरीर भएका, राता सेता नङ् जस्तै आनन्दका बिन्दुहरूको आरम्भ गर्ने ज्ञान काय स्वरूप, निर्विकार-निरन्तर वज्र जिह्वा नाडी भएका भगवान् तथागत हुनुहुन्छ।

वज्रमालाधरः श्रीमान् वज्राभरणभूषितः ।
हाहाट्टहासो निर्घोषो वज्रघोषः षडक्षरः ॥९॥

सहज बिन्दुमालाको धारण गर्ने, अद्वैत, ज्ञानी, परमाक्षर शुक्र धारण गर्ने, दिव्यस्त्रीहरूको भोग गर्नाले आनन्द अतिरेक द्वारा निस्किएका शब्दको घोष गर्ने, महासुखनादमा व्याप्त = वज्रघोष, षट्चक्रमा अक्षर सुखको ज्ञान गर्ने भगवान् तथागत हुनुहुन्छ ॥९॥

मञ्जुघोषो महानादस्त्रैलोक्यैकरवो महान् ।
आकाशधातुपर्यन्तघोषो घोषवतां वरः ॥१०॥

राम्रो शब्द गर्ने मञ्जु श्री, नादरूपले शब्द आउने हुनाले महानाद स्वरूप, शून्यताको तीनै लोकमा घोषणा गर्ने, सबै प्रकारका शून्य प्रकाश भएर नै महान् भएका र त्यो घोष आकाश धातु पर्यन्त गर्ने, निःस्वभावरूपले सबै धर्महरूको ज्ञान गर्नाले भगवान् सहस्रारमा स्थित सुख विन्दु स्वरूप नै हुनुहुन्छ ॥१०॥

॥ इति आदर्शज्ञानप्रकरणं समाप्तम् ॥

अथ प्रत्यवेक्षणाज्ञानप्रकरणम्

तथताभूतनैरात्म्यभूतकोटिरनक्षर: ।
शून्यता वादिवृषभो गम्भीरोदारगर्जन: ॥१॥

सुविशुद्ध संज्ञास्कन्ध स्वरूप अभिताभ द्वारा प्रत्यवेक्षणाज्ञानस्तुति गरिएको हो । दायाँ वायाँ नासापुटद्वारा निस्कने वायुलाई रोकेर पृथिवी आदि पदार्थको आत्मीयता र आत्मभावको निरोध गर्ने, त्यसै सुखमा रहने, करुणा रसले पूर्ण रहने, शून्यतावादी, सबै इच्छालाई नष्ट गर्ने, शून्यतारूप करुणाको गर्जन गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१॥

धर्मशङ्खो महाशब्दो धर्मगण्डी महारण: ।
अप्रतिष्ठितनिर्वाणो दशदिग्धर्मदुन्दुभि: ॥२॥

शंख जस्तै निर्मल धर्मको उदय गर्ने, नि:स्वभावसुखरूप शब्द प्रकट गर्ने, धर्मज्योतिरूप भएकाले धर्मगण्डी भनिएका, धर्मको घोष गर्ने, अप्रतिष्ठित निर्वाणमा रमण गर्ने, अनुत्तरानन्द धर्म सुख कोष कल्याणको प्रकाशन गर्ने भगवान् तथागत हुनुहुन्छ ॥२॥

अरूपो रूपवानग्र्यो नानारूपो मनोमय: ।
सर्वरूपावभासश्रीरशेषप्रतिबिम्बधृक् ॥३॥

प्रकृतिस्वरूप नै रूप भएका, धर्मकाय रूपकायलाई एक गरेर स्वच्छ स्वरूप भएका, सबैकामनालाई दमन गर्ने, सबै नाडीमा विहार गर्नाले अनेक रूप भएका, एकै क्षणमा सम्बोधि रूपमा प्रवेश गर्ने, नि:सङ्गरूपले सबै पदार्थहरूको स्वसंवेदन गर्ने, विश्वविम्वको संभोग कायद्वारा प्रतिभाषित गर्ने, धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥३॥

अप्रधृष्यो महेशाख्यस्त्रैधातुकमहेश्वरः ।
समुच्छ्रितार्यमार्गस्थो धर्मकेतुर्महोदयः ॥४॥

सबै प्रकारका विकल्प रहित, अद्वय पुण्यज्ञान सम्भारमा रहने, धर्मसम्भोग, निर्वाणकाय एवं ज्ञानकाय स्वरूप, अति उच्च विकल्प रहित हुनाले आर्य, षट्चक्र कमलमा सुख रूपले रहने, सद्धर्मरूप पताका स्वरूप, अप्रमेय बुद्ध बिम्ब, अनन्त प्रतिभास रूपमा उदय हुने भगवान् तथागत हुनुहुन्छ ॥४॥

त्रैलोक्यैककुमाराङ्गः स्थविरो वृद्धः प्रजापतिः ।
द्वात्रिंशल्लक्षणधरः कान्तस्त्रैलोक्यसुन्दरः ॥५॥

तीन काय नै त्रैलोक वा त्रिलोक हो, त्यससंग अभिन्न महा सुखकाय, त्यही नै विकार रहित धर्म धातु हो, त्यही नै उत्पत्ति स्वरूप भएका, सबै सिद्धिमा ज्येष्ठ भएका, बुद्ध ज्ञानले युक्त भएका, सबै प्राणीहरूको उत्पत्ति स्थान भएका, चन्द्रमाका तीस कला एवं अतिरिक्त दुई कला धारण गर्ने, सबैले रुचाउने, अतिशय सुन्दर तथागत हुनुहुन्छ ॥५॥

लोकज्ञानगुणाचार्यो लोकाचार्यो विशारदः ।
नाथस्त्राता त्रिलोकाप्तः शरणं तायी निरुत्तरः ॥६॥

इन्द्रियहरूको निवारणात्मक ज्ञानको उपदेष्टा, चतुर्थाभिषेक दाता, निर्भयअद्वयतत्त्व-वेत्ता, सधैं अच्युत अवस्थामा रहने, शून्यतोपदेशक-पञ्चकामोपभोगमा पनि दोष हीन, पाँच महाभूतको एकीकर्ता, सुखमयज्ञानयुक्त, तीनलोकव्यापी सहजानन्द स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥६॥

गगनाभोगसम्भोगः सर्वज्ञज्ञानसागरः ।
अविद्याण्डकोशसंभेत्ता भवपञ्जरदारणः ॥७॥

अद्वय सुख भोक्ता महावज्रधरज्ञानरत्नाकर, संसार वासनालाई नष्ट गर्ने, चित्तको वास्तविक स्वरूप देखाउने अथवा संसार वासना आदि अविद्याको नाशक भगवान् तथागत हुनुहुन्छ ॥७॥

शमिताशेषसंक्लेशः संसारार्णवपारगः ।
ज्ञानाभिषेकमुकुटः सम्यक्सम्बुद्धभूषणः ॥८॥

अविद्यादि द्वादश-प्रतीत्यसमुत्पाद-जन्य क्लेशनाशक, पञ्चोपादानादिसंसार सागर देखि पार भएका, चतुर्थानन्दरूप अभिषेकद्वारा स्कन्ध धातु आयतन आदिको निवारण कर्ता, सम्यक् सम्बुद्धहरूलाई भूषित गर्ने चतुर्थ अभिषेकरूप बिन्दुले युक्त भगवान् तथागत हुनुहुन्छ ॥८॥

त्रिदुःखदुःखशमनस्त्र्यन्तोऽनन्तस्त्रिमुक्तिगः ।
सर्वावरणनिर्मुक्त आकाशसमताङ्गतः ॥९॥

कायवाक् चित्तका दुःखलाई प्रज्ञोपायद्वारा शमन गर्ने, चतुर्थ स्वरूप, युगनद्धवाही राग द्वेष र मोहबाट मुक्त, सबै आवरणबाट पनि विमुक्त, आकाश जस्तै व्यापक भगवान् तथागत हुनुहुन्छ ॥९॥

सर्वक्लेशमलातीतस्त्र्यध्वानध्वगतिं गतः ।
सर्वसत्त्वमहानागो गुणशेखरशेखरः ॥१०॥

सबै विश्वका बिम्बको दर्शन गरेर सबै क्लेशहरूबाट मुक्त, भूत, भविष्य, वर्तमान काल गति रहित अवस्थामा पुगेका, अद्वय दर्शनद्वारा अनन्त क्लेश माथि विजय गर्ने, सबै बुद्धहरूको चूडामणि सहज बिन्दु स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१०॥

सर्वोपधिविनिर्मुक्तो व्योमवर्त्मनि सुस्थितः ।
महाचिन्तामणिधरः सर्वरत्नोत्तमो विभुः ॥११॥

सवैप्राणीहरूको शून्यतादर्शन प्रति जस्तो अनभिज्ञता छ त्यस्तै सवै प्रकारको उपाधिबाट निर्मुक्त, त्यसैले शून्यतामा अवस्थित, विकल्प योगमा अवस्थित, समग्र इच्छित पदार्थ उपलब्ध गराउने सहजबिन्दु धारण गर्ने, सवै प्राणीहरूलाई अनुत्तर आनन्द दिने, त्यसैले व्यापक भगवान् तथागत हुनुहुन्छ ॥११॥

महाकल्पतरुः स्फीतो महाभद्रघटोत्तमः ।
सर्वसत्त्वार्थकृत्कर्ता हितैषी सत्त्ववत्सलः ॥१२॥

लोकोत्तर पदार्थहरू उपलब्ध गराउने हुनाले कल्पतरु, समृद्ध अतिशय भद्र, त्यसैले सवै प्राणीहरूको कल्याण गर्ने, सवैलाई सुख दिने धर्मको दाता, सवैको सुखको कामना गर्ने, सवैलाई पुत्रवत् प्रेम गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१२॥

शुभाशुभज्ञः कालज्ञः समयज्ञः समयी विभुः ।
सत्त्वेन्द्रियज्ञो वेलज्ञो विमुक्तित्रयकोविदः ॥१३॥

शुभ र अशुभ दुवैलाई जान्ने, बोधिको अवस्थालाई जान्ने, कायवाक् चित्त र ज्ञानलाई जान्ने त्यसैले समयी, व्यापक, सवै प्राणीका इन्द्रियको वेत्ता, धर्मदानको समय वेत्ता, भूचर-खेचर-महामुद्रासिद्धि आदि मुक्तिहरूको ज्ञाता, पण्डित तथागत हुनुहुन्छ ॥१३॥

गुणी गुणज्ञो धर्मज्ञः प्रशस्तो मङ्गलोदयः ।
सर्वमङ्गलमाङ्गल्यः कीर्तिर्लक्ष्मीर्यशः शुभः ॥१४॥

सत्त्वरजस्तमो गुण युक्त, आफ्नो स्वरूपको वेत्ता, लोकोत्तर धर्म महासुखको आस्वादन गर्ने, सम्पूर्ण जगत्को शान्ति गर्ने जसबाट सवै मंगलहरूको उदय हुन्छ त्यस्तो, तीन आनन्द भन्दापनि माथि चौथो सहजानन्द स्वरूप

अविनाशिसुखस्वरूप कीर्तिले युक्त, सबै सम्पत्तिको धारक, विचित्र यशले युक्त सबै सुखहरूको खानी स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१४॥

महोत्सवो महाश्वाशो महानन्दो महारतिः ।
सत्कारः सत्कृतिर्भूतिः प्रमोदः श्रीर्यशस्पतिः ॥१५॥

अविच्छिन्न सुखको उत्सवले युक्त, प्राणापानको अवरोधद्वारा महाप्राणमा प्रविष्ट अद्वय धर्मसुखको प्रकाशनले महानन्द स्वरूप, सबै प्राणीहरूलाई महासुख दिने, बोधिचित्त पग्लनाले सबै नाडिमा व्याप्त हुने, पारमार्थिक अभिषेक सत्कार रूप भएका, अविच्छिन्न सुखरूप, कायवाक् चित्तका हर्ष योग भएका, सुख, सौमनस्य र यशका मालिक तथागत भगवान् हुनुहुन्छ ॥१५॥

वरेण्यो वरदः श्रेष्ठः शरण्यः शरणोत्तमः ।
महाभयारिः प्रवरो निःशेषभयनाशनः ॥१६॥

ज्ञानमूर्ति भएकाले वरेण्य, अभिप्रायपूर्ति गर्नाले वरद, शून्यता र करुणाले युक्त हुनाले श्रेष्ठ, दुःखीहरूको शरण्यः, महाशुख दिनेहुनाले शर णोत्तमः, संसारवासनारूप भयको नाशक हुनाले महाभयारि, त्यसैले उत्तम, सबै प्रपञ्च गत भयको नाशक भगवान् तथागत हुनुहुन्छ ॥१६॥

शिखी शिखण्डी जटिलो जटी मौण्डी किरीटिमान् ।
पञ्चाननः पञ्चशिखः पञ्चचीरकशेखरः ॥१७॥

सहज चण्डालीले युक्त, 'अस्थि' स्नायु शुक्र यौगिक स्वरूप हुनाले शिखण्डी, सबै धर्महरूलाई एकात्मता गर्नाले जटिल, परमाक्षर एक भाव भएका, सबै विकल्पको (मुण्डन) नाश गर्ने, किरणले युक्त, पञ्च प्राणलाई नै मुखबनाएका, आलोक-आलोका-भास-आलोक उपलब्धि-प्रभास्वर-धर्मधातुले सुयुक्त, जाग्रत् आदि पञ्च पदार्थ युक्त भगवान् तथागत हुनुहुन्छ ॥१७॥

महाव्रतधरो मौञ्जी ब्रह्मचारी व्रतोत्तमः ।
महातपास्तपोनिष्ठः स्नातको गौतमोऽग्रणीः ॥१८॥

स्कन्ध, धातु, आयतन, इन्द्रियादिपदार्थहरूलाई निःस्वभाव गर्ने, व्रतधारण गर्ने, बोधिचित्तात्मक अवस्थामा स्थित, अच्युत बोधिचित्तद्वारा ब्रह्मचारी, त्यसैले ठूला ब्रह्मी, षट्श्वासलाई बिन्दुमा समाहित गर्ने, परमसुख पूर्वक धर्महरूलाई सम्मुख गर्ने, षडङ्गयोगरूप नदिमा स्नान गर्ने, परम अक्षर सुखले युक्त हुनाले नै गौतम सिद्धार्थ भएका, सहज आनन्दमा संलग्न भगवान् तथागत हुनुहुन्छ ॥१८॥

ब्रह्मविद् ब्राह्मणो ब्रह्मा ब्रह्मनिर्वाणमाप्तवान् ।
मुक्तिर्मोक्षो विमोक्षाङ्गो विमुक्तिः शान्तता शिवः ॥१९॥

करुणाऽभिन्न शून्यतानै ब्रह्म हो, त्यसको वेत्ता, पञ्चाक्षररूप 'हं' कार हो, त्यही पञ्च तथागत हो त्यसमा अवस्थित भएर सबै विकल्पात्मकवायुलाई हटाउने ब्राह्मण हो, चारध्यानमा अवस्थित हुनाले ब्रह्मा, निर्वाण आनन्दमा अवस्थित, शून्यतामा स्थित, चतुर्थ अवस्थामा स्थित, ज्ञानाग्निद्वारा सत्त्वरजतमआदिलाई भस्म गर्ने, सुरूप स्वरूप, प्राकृत रागादिबाट मुक्त भएर महारागको परिशीलनद्वारा विमुक्त, ग्राह्य ग्राहक अवस्थाबाट शान्त, सधै सर्वकल्याणकारक शिव तथागत हुनुहुन्छ ॥१९॥

निर्वाणं निर्वृतिः शान्तिः श्रेयो निर्याणमन्तकः ।
सुखदुःखान्तकृन्निष्ठा वैराग्यमुपधिक्षयः ॥२०॥

पदार्थ र अपदार्थको चिन्ता रहित, बाह्य पदार्थको आलम्बन रहित, अकृत्रिम स्वसंवेद्य महामुद्राज्ञानमा अवस्थित शान्त, त्यसैले परम कल्याण, महासुख, सबै विकल्पहरूको नाशक, वीर्यरजको नाश नहुने हुनाले प्रज्ञा र उपायद्वारा सुख र दुःखमा अद्वय भएका, प्राकृत वैराग्य हटेर अच्युत महारागमा

अवस्थित हुनाले भगवान्, वासना हट्नाले सुविशुद्धधर्मधातुज्ञान स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥२०॥

अजयोऽनुपमोऽव्यक्तो निराभासो निरञ्जनः ।
निष्कलः सर्वगो व्यापी सूक्ष्मो बीजमनास्रवः ॥२१॥

विकल्पादिद्वारा विजय गर्न सकिने, सबै सुखको उपमा रहित, यक्त स्वरूप रहित, प्रकाशमय, निर्लेप, १५ कलादेखी अतीत, ज्ञानाकाशरूप, स्थिर चल स्वभाव युक्त, मनले पनि चिताउन नसकिने, धर्म धातु ज्ञान प्रत्यात्मद्वारा जानिने भगवान् तथागत हुनुहुन्छ ॥२१॥

अरजो विरजो विमलो वान्तदोषो निरामयः ।
सुप्रबुद्धो विबुद्धात्मा सर्वज्ञः सर्ववित् परः ॥२२॥

राग-विराग-मध्यराग रहित, विशुद्धरूपयुक्त, आगन्तुक मल रहित, सबै प्रकृति रहित, बाह्य विक्षेप व्याधिरहित, अविपरीतप्रभास्वर वेत्ता, रूपस्कन्धादिको सहजरूपमा स्वरूप जान्ने, ज्ञान रूपले सबै धर्मको संस्थापन गर्ने, सबै प्राणिहरूको चित्त चरितको विज्ञ, त्यसैले अतिशय उत्कृष्ट भगवान् तथागत हुनुहुन्छ ॥२२॥

विज्ञानधर्मतातीतो ज्ञानमद्वयरूपधृक् ।
निर्विकल्पो निराभोगस्त्र्यध्वसंबुद्धकार्यकृत् ॥२३॥

आलय विज्ञानको अतिक्रान्त गर्ने, ज्ञानरूप भगवान् अथवा ज्ञान नै भगवान्, उदार-गम्भीर स्वरूप द्वारा अद्वयका धारण कर्ता, परमार्थ ज्ञान विकल्पले पनि रहित, पञ्चकामको उपभोग रहित, दिनरात सन्ध्या आदि समयमा काय, वाक्, चित्त, निर्माण, संभोग, धर्मकायहरूद्वारा प्राणीहरूका लागि सुखको अनुभव गर्ने भगवान् तथागत हुनुहुन्छ ॥२३॥

अनादिनिधनो बुद्ध आदिबुद्धो निरन्वयः ।
ज्ञानैकचक्षुरमलो ज्ञानमूर्तिस्तथागतः ॥२४॥

सर्वधातुका ज्ञानद्वारा उत्पत्ति र निरोध रहित भएका, सबै पदार्थको समान रूपमा वेत्ता, संबोधिलक्षण सुखरूप आदि बुद्ध, ग्राह्य ग्राहक लक्षण धर्म जो संग सम्वन्धित छ, अद्वय ज्ञान नै अद्वितीय चक्षु भएका, शून्यतामूर्ति, कर्मादिमुद्रा गत सुखको वेत्ता तथागत भगवान् हुनुहुन्छ ॥२४॥

वागीश्वरो महावादी वादिराड् वादिपुंगवः ।
वदतां वरो वरिष्ठो वादिसिंहोऽपराजितः ॥२५॥

अनाहत ध्वनिको उल्लास द्वारा वाणीलाई वशमा गर्ने, वादिहरूको पनि विजयी, दिव्यमुद्रा प्रदर्शन गर्नाले वादीहरूका राजा, अद्वय ज्ञानका वादी, सर्वधर्मको बोधको वक्ता, सहज सुख अनुभवरूपले गर्दा वरिष्ठ, सहजज्ञान धातुको प्रकाशन द्वारा विश्वार्थ करणद्वारा वादीसिंह, विकल्पले जित्न नसक्ने भगवान् तथागत हुनुहुन्छ ॥२५॥

समन्तदर्शी प्रामोद्यस्तेजोमाली सुदर्शनः ।
श्रीवत्सः सुप्रभो दीप्तिर्भा भासुरकरद्युतिः ॥२६॥

सबैतिरबाट हेर्ने, महासुखको धारणाद्वारा परमआनन्दको लाभ गर्ने, ज्योतिहरूको माला लगाउने, सहज सुखको साक्षात्कारी, तथागत लक्षण योग युक्त, सहजज्ञान स्फुरणात्मक, अनन्तलोकहरूको बुद्धिमा भासित गर्ने, समग्र क्रोधहरूलाई विनयमा परिवर्तन गर्ने तथागत भगवान् बुद्ध हुनुहुन्छ ॥२६॥

महाभिषग्वरः श्रेष्ठः शल्यहर्ता निरुत्तरः ।
अशेषभैषज्यतरुः क्लेशव्याधिमहारिपुः ॥२७॥

यथार्थ उपदेशद्वारा संसाररूपीव्याधिको नाशक, अरुलाई पनि त्यस सुखमा लगाइदिने हुनाले श्रेष्ठ, सबै विकल्प वायुको शल्यक्रिया गर्ने, अवाच्य

सुखरूप हुनाले निरुत्तर, सबै जगत्को अनुग्रह गर्ने, रागविरागादिलक्षण क्लेश व्याधिहरूको महान् शत्रु= अपहर्ता भगवान् बुद्ध हुनुहुन्छ ॥२७॥

त्रैलोक्यतिलकः कान्तः श्रीमान् नक्षत्रमण्डलः ।
दशदिग्व्योमपर्यन्तो धर्मध्वजमहोच्छ्रयः ॥२८ ॥

तीनै लोकमा अलंकार स्वरूप, अतिशय सुन्दर, अद्वैत स्वरूप, परमार्थसिद्धियुक्त, आकाशमा नक्षत्र जस्तै प्रकाशित हुने, दशै दिशामा प्रकाशरूप स्फुटीभाव युक्त= परमार्थ बिन्दु स्वरूप र ब्रह्मस्थान स्वरूप तथागत भगवान् हुनुहुन्छ ॥२८॥

जगच्छत्रैकविपुलो मैत्री करुणमण्डलः ।
पद्मनृत्येश्वरः श्रीमान् रत्नच्छत्रो महाविभुः ॥२९॥

सकल क्लेश तापको आवरण गर्नाले विस्तृत छाता रूप, ज्योति स्वभावले गर्दा मैत्री स्वरूप, बोधिचित्त रूपले करुणामय= ती दुबैको सारले संयुक्त, अवाच्य सुखबोधि स्वरूप = वज्रपद्मको उल्लास युक्त, त्यसैले श्रीमान्, समग्र संसाररूप तापलाई शीतलता प्रदान गर्ने हुनाले रत्नछायारूप, सबै पदार्थ रूप हुनाले व्यापक तथागत हुनुहुन्छ ॥२९॥

सर्वबुद्धमहाराजः सर्वबुद्धात्मभावधृक् ।
सर्वबुद्धमहायोगः सर्वबुद्धैकशासनः ॥३०॥

वैरोचन आदि सबैबुद्धहरूको राजा-वज्रसत्त्व, सर्वधर्म शून्यतारूप भाव= सद्रूपको धारण गर्ने, परम सुखाकार समाधि रूप, स्कन्ध धातु आयतन आदिको एकत्वले शासन गर्ने भगवान् तथागत हुनुहुन्छ ॥३०॥

वज्ररत्नाभिषेकश्रीः सर्वरत्नाधिपेश्वरः ।
सर्वलोकेश्वरपतिः सर्ववज्रधराधिपः ॥३१॥

सहजानन्द सौख्य रूप भगवान्, बुद्धहरूको ईश्वर, बुद्धबोधिसत्त्वहरूको ईश्वर रूप वज्रसत्त्व= उही नै पतिरूपमा स्थित, काय आदि बिन्दुहरूको धारणकर्ताहरूको अधिपति अर्थात् शून्यता करुणा अभिन्न चतुर्थबिन्दु रूप तथागत हुनुहुन्छ ॥३१॥

सर्वबुद्धमहाचित्तः सर्वबुद्धमनोगतिः ।
सर्वबुद्धमहाकायः सर्वबुद्धसरस्वती ॥३२॥

बुद्धहरूमा अप्रतिघ चित्त रूपमा स्थित, सबै बुद्धहरूको अचित्तचित्तमा अवस्थित, ज्ञानकायरूपले सबै धर्ममा व्यापक, सर्वबुद्धहरूको समग्र त्रिकायादिमा अचिन्त्य नदीरूपमा रहने भगवान् तथागत हुनुहुन्छ ॥३२॥

वज्रसूर्यमहालोको वज्रेन्दुविमलप्रभः ।
विरागादिमहारागो विश्ववर्णोज्वलप्रभः ॥३३॥

ज्ञानमण्डलको महान् प्रकाशक अर्थात् अद्वयचित्त, ज्ञान रूपी चन्द्रको तीनै लोकलाई प्रकाशन गर्ने प्रभायुक्त, वैराग्यको आदि महाराग रूप, नानाविधवर्णहरूको सकल विकल्प नाशक प्रभायुक्त भगवान् तथागत हुनुहुन्छ ॥३३॥

सम्बुद्धवज्रपर्यङ्को बुद्धसंगीतिधर्मधृक् ।
बुद्धपद्मोद्भवः श्रीमान् सर्वज्ञज्ञानकोषधृक् ॥३४॥

प्रबुद्धकुलिशाग्र-आसनरूप, त्रैधातुकव्यापी अनाहत ध्वनी युक्त निर्विकल्प ज्ञान नै बुद्ध हो, महामुद्रा पद्म हो, त्यसैको उद्भवरूप, त्यसैले श्रीमान्, सर्वाकारात्म स्वसंवेद्य-सर्वज्ञान-सर्वधर्मको धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥३४॥

विश्वमायाधरो राजा बुद्धविद्याधरो महान् ।
वज्रतीक्ष्णो महाखड्गो विशुद्धः परमाक्षरः ॥३५॥

पञ्चकामोपभोगरूप विश्वमायाको धारणकर्ता, ज्ञान ज्योति-रूपले र हनाले राजा, चतुर्बिन्दु लक्षण धारण गर्ने, त्यसैले महान्, सहज ज्ञान रूप, विकल्पको छेदक, पुरुषाकाररूप, सबै धर्मको रसरूप भगवान् तथागत हुनुहुन्छ ॥३५॥

दु:खच्छेदमहायानो वज्रधर्ममहायुध: ।
जिनजिग् वज्रगाम्भीर्यो वज्रबुद्धिर्यथार्थवित् ॥३६॥

दु:खलाई काट्ने मार्ग सत्यरूप, ज्ञानधर्मरूप आयुध युक्त, अक्ष्योभ्य आदिलाई बोधगराउने, सम्यक् ज्ञानको ग्राह्याादिविकल्परहित प्रज्ञा स्वभावयुक्त, वज्रमार्गबाट अच्युत हुनाले वज्रबुद्धि, यथार्थ फलको वेत्ता भगवान् तथागत हुनुहुन्छ ॥३६॥

सर्वपारमितापूरी सर्वभूमिविभूषण: ।
विशुद्धधर्मनैरात्म्य: सम्यग्ज्ञानेन्दुहृत्प्रभ: ॥३७॥

पहिला ज्ञान संभार बताइयो, अब यहाँ पुण्यसम्भारको वर्णन गरिदै छ। दानादि पारमिताको पूरण गर्ने, भूमि मण्डलको विभूषण, चित्त प्रतिवेधलक्षण, नैरात्म्य धर्मतारूपबाट उत्पन्न सहजानन्द चन्द्रका महासुखाकार स्वरूपले युक्त भगवान् तथागत हुनुहुन्छ ॥३७॥

मायाजालमहोद्योग: सर्वतन्त्राधिप: पर: ।
अशेषवज्रपर्यङ्को नि:शेषज्ञानकायधृक् ॥३८॥

सूर्य चन्द्ररूप त्रैलोक्य महासुखको स्फुरण युक्त, योग आदि महातन्त्रका प्रतिपादक महान् भगवान्, समाधिरूप पर्यङ्कमा अवस्थित, अशेष बुद्धहरूको ज्ञानकायरूप अद्वय स्वरूपको धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥३८॥

समन्तभद्र: सुमति: क्षितिगर्भो जगद्धृति: ।
सर्वबुद्धमहागर्भो विश्वनिर्माणचक्रधृक् ॥३९॥

सबैतिरबाट सहजानन्द ज्ञान युक्त, शून्यताकार बुद्धियुक्त, सहजानन्द बिन्दु स्वरूप, समग्र जगत्का धारक, सहज बोधिचित्त वज्रस्वरूप, विश्वनिर्माणरूपचक्रको धारण कर्ता भगवान् तथागत हुनुहुन्छ ॥३९॥

सर्वभावस्वभावाग्र्यः सर्वभावस्वभावधृक् ।
अनुत्पादधर्मा विश्वार्थः सर्वधर्मस्वभावधृक् ॥४०॥

अग्र, शुद्ध, तथागत, ज्ञानकायस्वरूप, सबै पदार्थहरूको निरात्मभावको धारक, निःस्वभावधर्मयुक्त, संसारकै लागि प्राप्तव्य, स्कन्धादिको वास्तविक स्वरूप धारण कर्ता भगवान् तथागत हुनुहुन्छ ॥४०॥

एकक्षणमहाप्राज्ञः सर्वधर्मावबोधधृक् ।
सर्वधर्माभिसमयो भूतान्तमुनिरग्रधीः ॥४१॥

अद्वितीय क्षण तुरीयावस्थातीत, आनन्दमूर्ति लक्षण युक्त महाप्राज्ञ, सबैप्राणीहरूको अवबोध सुखात्मक स्वरूपको धारण कर्ता, सत्त्वरजतमो गुणहरू साक्षात्कार कर्ता, सत्यतथताको यथार्थ वेत्ता, वज्राग्र सुखको बोधयुक्त तथागत भगावन् हुनुहुन्छ ॥४१॥

स्तिमितः सुप्रसन्नात्मा सम्यक्संबुद्धबोधिधृक् ।
प्रत्यक्षः सर्वबुद्धानां ज्ञानार्चिः सुप्रभास्वरः ॥४२॥

सहजानन्द सुख व्याप्य, समाधिको प्रकर्षद्वारा राम्रो प्रसन्न आत्म स्वरूप, वज्ररत्नान्तर्गत विधिचित्तरूप सुख ज्ञानको धारक, तीनलोकमा अवस्थित सहज संवेद्य ज्ञान प्रियरूपले प्रत्यक्ष कर्ता, प्रकृतिप्रभास्वर निरालम्ब ज्ञानद्वारा अनन्तानन्त बुद्ध क्षेत्रको प्रकाशक भगवान् तथागत हुनुहुन्छ ॥४२॥

॥ इति प्रत्यवेक्षणाज्ञानप्रकरणं समाप्तम् ॥

अथ समताज्ञानप्रकरणम्

अब यहाँ रत्न सम्भवद्वारा समताज्ञान नामले त्यसै पूर्वोक्त सहज ज्ञानको नै प्रकाश पारिन्छ - निम्न लिखित रूपमा-

इष्टार्थसाधक: पर: सर्वापायविशोधक: ।
सर्वसत्त्वोत्तमो नाथ: सर्वसत्त्वप्रमोचक: ॥१॥

सबै प्रकारका आशाहरूका परिपूरक एवं इष्टार्थ पदार्थको निष्पाद वज्र पद्म अनुभूत बिन्दुदेखी पर रहने, सबै सांसारिक वासनाका हर्ता, ज्ञानकायरूप, अनाथ व्यक्तिहरूलाई सुखदिने हुनाले नाथ, महामुद्रारूपपद्मको प्रकाशन द्वार ा सबै प्राणिका मोचक भगवान् तथागत हुनुहुन्छ ॥१॥

क्लेशसंग्रामसूरैक: अज्ञानरिपुदर्पहा ।
धीश्रृङ्गारधर: श्रीमान् बीरबीभत्सरूपधृक् ॥२॥

सबै प्राणीहरूका क्लेशहरूको सम्यग्ज्ञान शस्त्रद्वारा हनन गर्ने त्यसैले अद्वितीय वीर, अविद्यारूपी शत्रुको बाह्य विक्षेपरूप दर्प= घमण्ड हरण गर्ने, क्लेश उपक्लेश रहित, धर्मरूपी श्रृङ्गारका धारण कर्ता, लौकिक-अलौकिक सम्पत्ति युक्त, उपाय= करुणा रस युक्त र प्रज्ञा या शून्यताको बीभत्स रसको प्रतीक भएकोले ती दुवैको धारक भगवान् तथागत हुनुहुन्छ ॥२॥

बाहुदण्डशताक्षेपपदनिक्षेपनर्त्तन: ।
श्रीमच्छतभुजाभोगगगनाभोगनर्त्तन: ॥३॥

प्राण र अपान वायुको वाम र दक्षिण नासापुटद्वारा आउने जाने हुनाले धेरै भेदन, तिनको आकर्षणद्वारा कुम्भकमा प्रवेश गराएर महा सुखमा लय गराएर त्यसै आनन्दमा नृत्य गर्ने, ज्ञान कायको विस्तार, सबै पदार्थलाई शून्यता (गर्न सक्ने) स्वभावमा बोध गर्नाले व्यापक एवं महासुखमा नृत्य गर्ने भगवान् तथागत हुनुहुन्छ ॥३॥

एकपादतलाक्रान्तमहीमण्डतले स्थितः ।
ब्रह्माण्डशिखराक्रान्तपादाङ्गुष्ठनखे स्थितः ॥४॥

अद्वितीयरूपले स्थित हुने, नाभिभन्दा तल वज्र शिखरमा स्थित, बोधि चित्तस्वरूप, ब्रह्मरन्ध्रमा वज्र सम्बन्धि बोधि चित्त, अद्वययोग द्वारा स्थित भगवान् तथागत हुनुहुन्छ ॥४॥

एकार्थोऽद्वयधर्मार्थः परमार्थोऽविनश्वरः ।
नानाविज्ञप्तिरूपार्थश्चित्तविज्ञानसन्ततिः ॥५॥

परमार्थ रूपमा भेद रहित, मध्यमामा प्रविष्ट, सबै प्रकारको सङ्कर हित, ध्यानविन्दुरूप, आलय, क्लिष्ट मन, षट् प्रवृत्ति विज्ञानादिरूप, सबै धर्म स्वरूप, चित्त, अचित्त, करुणा, सन्तानरूप भगवान् तथागत हुनुहुन्छ ॥५॥

अशेषभावार्थरतिः शून्यतारतिरग्रधीः ।
भवरागाद्यतीतश्च भवत्रयमहारतिः ॥६॥

समग्रपदार्थहरूमा सहजरूपमा प्रेम गर्ने, सर्वधर्म स्वभाव, तथताको ज्ञानले युक्त, दुवैको अन्तिम अवस्थामा स्थित, राग, बिराग, मध्यरागरूप प्रकृतिदेखि टाढा रहने, काय, वाक, चित्तलाई एकीकरण गरेर ठूलो सुखमा रहने भगवान् तथागत हुनुहुन्छ ॥६॥

शुद्धः शुभ्राभ्रधवलः शरच्चंद्रांशुसुप्रभः ।

बालार्कमण्डलच्छायो महारागनखप्रभः ॥७॥

अविद्यारूप मल रहित हुनाले शुद्ध, शरद् ऋतुको श्वेत आकाश झैं विशुद्ध स्वभाव युक्त, समग्र वासना रहित हुनालेनै अतिशय स्वच्छ प्रकाशमय, प्राण र अपानको मिलनद्वारा जसको चित्त बाल सूर्य मण्डल जस्तो भएका, महाशुखद्वारा समग्र शरीरमा आनन्द व्यापक भएका भगवान् तथागत हुनुहुन्छ ॥७॥

इन्द्रनीलाग्रसच्चीरो महानीलकचाग्रधृक् ।
महामणिमयूखश्रीर्बुद्धनिर्वाणभूषणः ॥८॥

सुविशुद्ध नीलमणिजस्तो बोधिचित्तावस्थामा अवस्थित, त्यसको अग्रभागजस्तो ज्योति भएका, अद्वयचित्त वज्रहरूलाई सर्वाङ्गमा व्याप्त गराएर हृदयवायुको निरोधद्वारा नील स्वरूपलाई सहस्रारमा धारण गर्ने, महामणिको प्रभा जस्तो, महासुखरूप किरणहरू जस्तो आनन्दमा निमग्न, सर्वधर्मसुखमय बुद्ध रूपता स्फरणद्वारा अलंकृत भगवान् तथागत हुनुहुन्छ ॥८॥

लोकधातुशताकम्पी ऋद्धिपादमहाक्रमः ।
महास्मृतिधरस्तत्त्वश्चतुःस्मृतिसमाधिराट् ॥९॥

अनन्तलोक धातुहरूलाई कृपा गर्ने, ज्ञानको प्रकाशनद्वारा सबै पदार्थहरूले परिपूर्ण, शून्यतामा निमग्न भएको हुनाले स्मृतिशील, भावाभाव रूपतत्त्वले पूर्ण, चार प्रकारका द्वन्द्व समाधिमा रहने तथागत हुनुहुन्छ ॥९॥

बोध्यङ्गकुसुमामोदस्तथागतगुणोदधिः ।
अष्टाङ्गमार्गनयवित् सम्यक्सम्बुद्धमार्गवित् ॥१०॥

वैरोचनादि पट्तथागतहरूको महासुखद्वारा सप्तावर्तरूप सप्तबिन्दु महासुखोल्लासले युक्त, दशभूमि प्राप्त गरिसकेको हुनाले तथागत, सबै अवस्थामा प्राणीहरूको हितमा निमग्न, आठवटा प्राणप्रवाहमण्डल छन् ती द्वारा मध्यमामा

प्रवेश गर्ने मार्गको ज्ञाता, स्वयंभू, ज्ञानी एवं धर्मधातुको ज्ञाता भगवान् तथागत हुनुहुन्छ ॥१०॥

सर्वसत्त्वमहासङ्गो निःसङ्गो गगनोपमः ।
सर्वसत्त्वमनोजातः सर्वसत्त्वमनोजवः ॥११॥

धर्मकायबाट अभिन्न निर्वाणकायद्वारा सबैप्राणिहरूको लागि पदार्थको निर्वाण गरिदिने, शून्यता स्वभाव युक्त, विकल्प रहित अवस्था युक्त, सबै प्राणीहरूको मनमा स्थित, वज्रधरआदि प्रतिभास युक्त भगवान् तथागत हुनुहुन्छ ॥११॥

सर्वसत्त्वेन्द्रियार्थज्ञः सर्वसत्त्वमनोहरः ।
पञ्चस्कन्धार्थतत्त्वज्ञः पञ्चस्कन्धविशुद्धधृक् ॥१२॥

प्राणीहरूका इन्द्रियको विषयहरूलाई समाधिद्वारा जान्ने, प्राणीहरूको विकल्पचित्तलाई निःस्वभाव स्वरूप गर्ने, पारमार्थिक वज्रद्वारा तथतामा प्रवेश गर्ने गराउने, पञ्चस्कन्धका अर्थका विशुद्धताको धारण कर्ता भगवान् तथागत हुनुहुन्छ ॥१२॥

सर्वनिर्याणकोटिस्थः सर्वनिर्याणकोविदः ।
सर्वनिर्याणमार्गस्थः सर्वनिर्याणदेशकः ॥१३॥

युगनद्ध समाधिमा स्थित, अबाध्य, नैरात्म्य सुखको वेत्ता, करुणाका बलले श्रावक आदिका मार्गमा अवस्थित, महासुखकायधर्मद्वारा धर्मधातुको प्रकाशक भगवान् तथागत हुनुहुन्छ ॥१३॥

द्वादशाङ्गभवोत्खातो द्वादशाकारशुद्धधृक् ।
चतुःसत्यनयाकारः अष्टज्ञानावबोधधृक् ॥१४॥

अविद्यादि द्वादशाङ्ग निरोधद्वारा महासुखरूपमा अवस्थित, ग्राह्यग्राहक आकारादि द्वादश आयतनको धारण कर्ता, चार सत्य, अद्वयाकार रूप, विचित्रादि

चार, नि:स्वभावादि चार, महारतिरूप ज्ञानको बोधलाई धारण गर्ने भगवान् तथागत हुनुहुन्छ ॥१४॥

द्वादशाकारसत्यार्थः षोडशाकारतत्त्ववित् ।
विंशत्याकारसंबोधिर्विबुद्धः सर्ववित् परः ॥१५॥

१२ वटा भूमिहरू, जुनभूमि संवृत्ति र परमार्थका भेदले युक्त छन् तिनको वेत्ता, वीर्यनिरोधद्वारा १६ वटा कला युक्त आनन्द तत्त्वको वेत्ता, पञ्च स्कन्ध, पञ्चधातु, पञ्चेन्द्रिय-पञ्चायतनको विशुद्ध आकारको ज्ञाता, अविद्याको निरोधक, बुद्धमय भावग्रामको वेत्ता भगवान् तथागत हुनुहुन्छ ॥१५॥

अमेयबुद्धनिर्माणकायकोटिविभावकः ।
सर्वक्षणाभिसमयः सर्वचित्तक्षणार्थवित् ॥१६॥

अनन्त बुद्ध=ज्ञानीहरूको निर्माणका लागि अनन्त श्वास समूहलाई महासुखमा परिवर्तन गर्ने, प्रत्येक श्वासमा महा सुखको बोध गराउने, सबै प्राणीहरूको चित्तक्षणलाई महासुखको रूपमा जान्ने भगवान् तथागत हुनुहुन्छ ॥१६॥

नानायाननयोपायजगदर्थविभावकः ।
यानत्रितयनिर्यात एकयानफले स्थितः ॥१७॥

चारअंश एवं षड्अंश बिन्दु भोगले जगत्लाई महासुखमा लैजाने, ज्ञानकायद्वारा कायवाक् चित्तलाई अगाडी लैजाने, एक मात्र अद्वितीय यानको फल 'हं' कारमा अवस्थित तथागत बुद्ध हुनुहुन्छ ॥१७॥

क्लेशधातुविशुद्धात्मा कर्मधातुक्षयङ्करः ।
ओघोदधिसमुत्तीर्णो योगकान्तारनि:सृतः ॥१८॥

अविद्या नाशद्वारा क्लेशधातुबाट मुक्त भएका, पाप पुण्य विकल्प रहित हुनाले कर्मधातुबाट मुक्त भएका, सबै प्रकृतिको निरोधद्वारा ज्ञानमा पारङ्गत भएका, समग्र विकल्पको भक्षण गर्नाले योगरूपी दुर्गममार्गबाट वाहिर निष्किसकेका भगवान् तथागत हुनुहुन्छ।

क्लेशोपक्लेशसंक्लेशसुप्रहीणसवासनः ।
प्रज्ञोपायमहाकरुणा-अमोघजगदर्थकृत् ॥१९॥

अविद्या आदि द्वारा जन्यक्लेश तथा उपजन्यक्लेश आदिको हनन द्वारा उत्तम सुखवासनामा अवस्थित, षडङ्गयोग महामुद्राको उपलब्धिद्वारा प्रज्ञाको उदय, त्यसको अद्वय स्वरूप महाकरुणा द्वारा जगत्को सदा निर्विघ्न कल्याणमा निमग्न भगवान् तथागत हुनुहुन्छ ॥१९॥

सर्वसंज्ञाप्रहीणार्थो विज्ञानार्थो निरोधधृक् ।
सर्वसत्त्वमनोविषयः सर्वसत्त्वमनोगतिः ॥२०॥

समापत्त्यादि संज्ञा रहित, आभ्यान्तर एवं वाह्यपदार्थ रहित, निरोधको सन्धारक, सबै प्राणीहरूको मनमा अविकल्प योग युक्त, सत्त्वहरूका मनका गति स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥२०॥

सर्वसत्त्वमनोऽन्तस्थः तच्चित्तसमताङ्गतः ।
सर्वसत्त्वमनोह्लादी सर्वसत्त्वमनोरतिः ॥२१॥

प्राणीहरूको मनमा धर्मधातुरूपले ज्योतिर्मय भएर रहने, प्राणीहरूका चित्तमा तथताका रूपमा रहने, विपर्यास रहित महासुखको उदयले सबैमा आह्लादजनक, अनाश्रव सुख रूपले रहने भगवान् तथागत हुनुहुन्छ ॥२१॥

सिद्धान्तो विभ्रमापेत: सर्वभ्रान्तिविवर्जित: ।
नि:सन्दिग्धमतिस्त्र्यर्थ: सर्वार्थस्त्रिगुणात्मक: ॥२२॥

सदसत् पक्षरहित सिद्धान्त निष्ठ, पुद्गलादि भ्रम रहित, त्रिस्वभाव रहित, उचित तत्त्वोपदेशकर्ता, सर्वसुखाधायक प्रज्ञा स्वरूप, सबै पदार्थ रूप, निरावरण, सत्त्वरजतमो गुण स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥२२॥

पञ्चस्कन्धार्थस्त्रिकाल: सर्वक्षणविभावक: ।
एकक्षणाभिसम्बुद्ध: सर्वबुद्धस्वभावधृक् ॥२३॥

पञ्चस्कन्धको प्रयोजन बुद्ध स्वरूप, नित्य स्वरूप, सबै विकल्प महाश्वासहरूलाई महासुखमा परिवर्तन गर्ने, चतुर्थक्षणमा समन्तभद्रको वेत्ता, त्यसैले सहज कायवाला भगवान् तथागत हुनुहुन्छ ॥२३॥

अनङ्गकाय: कायाग्र्य: कायकोटिविभावक: ।
अशेषरूपसन्दर्शी रत्नकेतुर्महामणि: ॥२४॥

धर्मधातु- अनङ्ग वज्रस्वरूप, त्यही नै सुखको सञ्चयकर्ता, महासुखद्वारा अनन्त शरीर निर्माण कर्ता, त्यसैले भक्तहरूको अभिप्राय अनुसार अशेष रूपको द्रष्टा, सबै प्राणीको रञ्जन गर्नाले रत्नकेतु:, महामणिमा स्थित भगवान् तथागत हुनुहुन्छ ॥२४॥

॥ इति समाताज्ञानप्रकरणं समाप्तम् ॥

अथ कृत्यानुष्ठानज्ञानप्रकरणम्

अब आवरण संस्कार स्कन्धहरूलाई अमोध सिद्धि स्वरूपद्वारा त्यही परम अक्षर ज्ञानको वर्णन गरिन्छ -

सर्वसम्बुद्धबोद्धव्यो बुद्धबोधिरनुत्तरः ।
अनक्षरो मन्त्रयोनिर्महामन्त्रकुलत्रयः ॥१॥

तीन मार्गमा रहेका बुद्धहरूले साक्षात्कार योग्य मञ्जुश्री ज्ञानकाय स्वरूप, कायवाक्चित्तस्वरूपावबोध रूप भएकाले अद्वयश्री, चतुर्थ अभिसम्बोधि स्वरूप, धर्मधातु परमअक्षर स्वरूप, सहजज्ञानद्वारा मन्त्रहरूको लौकिक पदार्थहरूको उत्पत्तिको कारण, प्राणायाम-द्वारा संवेद्य कुल त्रय= कायवाक्चित्तानन्द विरमानन्द स्वरूप भगवान् तथागत हुनुहुन्छ ॥१॥

सर्वमन्त्रार्थजनको महाबिन्दुरनक्षरः ।
पञ्चाक्षरो महाशून्यो बिन्दुशून्यः षडक्षरः ॥२॥

लौकिक अलौकिक मन्त्ररूप महामुद्रार्थको जनक, अ क च ट त प दशाक्षर ओं हकार रूपले मध्यमाप्रवाहका रूपमा बिन्दुरूपले स्थित भगवान्, परमार्थस्वरूपयुक्तपरमार्थ सुख ज्ञान नै वज्रसत्त्व हो, मध्यम अनाहत चिन्ह भन्दा तल 'श' वर्गात्मक अनुच्चार्य 'श' व्यञ्जन षष्ठ बिन्दुशून्य षडक्षर धर्मोदय स्वरूप, स्वर समूहनै पञ्चाक्षर महाशून्य भगवान् तथागत हुनुहुन्छ ॥२॥

सर्वाकारो निराकारः षोडशार्धार्धबिन्दुधृक् ।
अकलः कलनातीतश्चतुर्थध्यानकोटिधृक् ॥३॥

निराकारको हेतु नै सर्वाकार हो, कल्पना रहित अभ्रान्त प्रत्यक्ष निराकार हो, सर्वाकारनिराकारद्वारा समुत्पन्न महाप्रज्ञाज्ञानरूप, अकल=शुक्ल पक्ष १५ कला रहित, कलनातीत:=सहजस्वभावयुक्त, आनन्द सुखध्यान चतुर्थ हो र त्यसको सुख परिपूर्णताको धारणकर्ता भगवान् तथागत हुनुहुन्छ ॥३॥

सर्वध्यानकलाभिज्ञ: समाधिकुलगोत्रवित् ।
समाधिकाय: कायाग्र्य: सर्वसंभोगकायराट् ॥४॥

पञ्चविध ध्यानकलावेत्ता, समाधिसमूह सामर्थ्यविद्, धर्मकाय स्वरूप, संभोगकायद्वारा सभामा अवस्थित हुने भगवान् तथागत हुनुहुन्छ ॥४॥

निर्माणकाय: कायाग्र्यो बुद्धनिर्माणवंशधृक् ।
दशदिग्विश्वनिर्माणो यथावज्जगदर्थकृत् ॥५॥

नाना विध बाह्य प्रकृति युक्त निर्माणकाय नै सबै कायहरूमध्ये अग्रस्थानमा स्थित, सबै पदार्थ सहित त्रिकुल, पञ्च कुल आदि वंशको प्रकाशन तथा धारण गर्ने, दशै दिशामा विश्वको निर्माण एवं स्फरण गर्ने, यथार्थ रूपमा आफ्नो ज्ञान रूप जगत्को प्रकाशन गर्ने भगवान् तथागत हुनुहुन्छ ॥५॥

देवातिदेवो देवेन्द्र: सुरेन्द्रो दानवाधिप: ।
अमरेन्द्र: सुरगुरु: प्रमथ: प्रमथेश्वर: ॥६॥

महारागात्मककायस्वरूपद्वारा ब्रह्मात्मक देवादिदेव, चित्त बज्ररूपले विष्णुस्वभावयुक्त देवेन्द्र, बलिरूपले स्थित सुरेन्द्र, अनुपम अद्वय धर्मलाभद्वारा र ाहु स्वभावयुक्त दानवाधिप, नैरात्म्य भावमा ऐरावतको जस्तो गति हुनाले अमरेन्द्र, नि:स्वभाव सर्वधर्मप्रकाशक हुनाले वृहस्पति सदृश, पञ्चस्कन्ध समूह वि!नविदारक गर्ने हुनाले प्रमथ, कायवाक् चित्त मुक्ति रूप स्वभाव हुनाले प्रमथेश्वर भगवान् तथागत हुनुहुन्छ ॥६॥

उत्तीर्णभवकान्तार एकः शास्ता जगद्गुरुः ।
प्रख्यातदशदिग्लोको धर्मदानपतिर्महान् ॥७॥

प्राणीहरूलाई सम्यक् ज्ञान प्रवर्तक, अद्वितीय, दुःखीहरूलाई सुख दान गरेर शासन गर्ने, प्रपञ्चोपशमनद्वारा सुखज्ञान विहारी जगद्गुरु, पुण्यसंभार आदि द्वारा लोकमा प्रसिद्ध बोधिसत्त्व आदिमा संभोगकाय आदिको प्रतिभासन गर्ने, स्थिर एवं चलात्मक रूपले व्यापक भगवान् तथागत हुनुहुन्छ ॥७॥

मैत्रीसन्नाहसन्नद्धः करुणावर्मवर्मितः ।
प्रज्ञाखड्गो धनुर्बाणः क्लेशज्ञानरणञ्जहः ॥८॥

सहजानन्दरूप मैत्रीद्वारा आप्लावित चित्तविक्षेप रहित, करुणा रूपरक्षकद्वारा रक्षित, महामुद्रा नै प्रज्ञा, त्यही नै खड्ग रूप, धनुः=नाद, बाण=बिन्दुरूप अद्वैत स्वरूप, वासनानागद्वारा महारागसमाधिमा स्थित भगवान् तथागत हुनुहुन्छ ॥८॥

मारारिर्मारजिद्वीरचतुर्मारभयान्तकृत् ।
सर्वमारचमूजेता सम्बुद्धो लोकनायकः ॥९॥

प्रभास्वररत्नाक्रान्तकायवाक्चित्तरागस्वरूप, वज्रसत्त्वेन प्राण निरोधी, त्यसैले वीर, चार अवस्थालाई मैत्र्यादिस्वभावले जितेका, प्रकृतिनिर्मलस्वाधिष्ठानरूपले अवस्थित, मण्डलको अधिपति भगवान् बुद्ध, भवरागतृष्णामल रहित तथागत हुनुहुन्छ ॥९॥

वन्द्यः पूज्योऽभिवाद्यश्च माननीयश्च नित्यशः ।
अर्चनीयतमो मान्यो नमस्यः परमो गुरुः ॥१०॥

समग्र मल क्षीण हुनाले वन्द्य, सबै सिद्धान्त पार भएकाले पूज्य, सद्धर्मको भाषण गर्नाले अविवन्द्य, बोधिदानकर्तृत्वरूपले माननीय, मातृत्त्वरूपले

सुखको बोध गराउने, सत्सुखस्वरूप हुनाले नमन योग्य, सर्वतथागत हृदयमा विहार गर्ने हुनाले परमगुरु तथागत भगवान् हुनुहुन्छ ॥१०॥

त्रैलोक्यैकक्रमगतिर्व्योमपर्यन्तविक्रम: ।
त्रैविद्य: श्रोत्रिय: पूत: षडभिज्ञ: षडनुस्मृति: ॥११॥

अद्वितीय सहजानन्द अनुभवयुक्त, सहजरूपले आकाश पर्यन्त पराक्रम क्रीडायुक्त, कामावचररूपावचर महामुद्रा सिद्धिसाधक विद्यावान्, सुनेर मात्र पनि परमसुखकारी विशुद्ध, चतुर्थरूपले नित्यउदय स्वरूप पवित्र, ग्राह्यग्राहक एकत्वपूर्वक अद्वयज्ञानी, षट्चक्र समाधिमा प्रविष्ट तथा दानादि पारमिता धारण स्मरण शील तथागत भगवान् हुनुहुन्छ ॥११॥

बोधिसत्त्वो महासत्त्वो लोकातीतो महर्द्धिक: ।
प्रज्ञापारमितानिष्ठ: प्रज्ञातत्त्वत्वमागत: ॥१२॥

सर्वैधर्मलाई अनासक्तरूपले महायानमा बुझेको हुनाले बोधिसत्त्व, अपरिमित सुखद्वारा प्राणीहरूको कल्याण गर्ने, लौकिक संकल्परहित हुनाले लोकातीत, प्राणीहरूको उद्धार गर्ने महाप्रभाव युक्त, शीतल किरणद्वारा सबैको आश्रयभूत ज्ञानमा निष्ठ, महामुद्रा स्वरूपलाई प्राप्त गर्ने तथागत भगवान् हुनुहुन्छ ॥१२॥

आत्मवित् परवित्सर्व: सर्वीयो ह्यग्रपुद्गल:
सर्वोपमामतिक्रान्तो ज्ञेयो ज्ञानाधिप: पर: ॥१३॥

सबै प्रपञ्चलाई अतिक्रमण गरेर आकाशवत् भएका आफू र अर्को दुवैको बोध गर्ने, समग्रभावपदार्थको स्वभावको ज्ञाता, भाव र अभाव दुवै अद्वैत स्वरूपको बोध गर्ने, महासुखात्मक ज्ञानकायरूप, अनुपम धर्मकायरूप हुनाले सबै उपमाबाट पर रहने, सहज भएकोले प्रत्येक चित्तद्वारा ज्ञेय, सुखपूर्वक

ग्रहणगर्नाले ज्ञानाधिप=ज्ञानको आश्रय, त्यसैले उत्कृष्ट भगवान् तथागत हुनुहुन्छ ॥१३॥

धर्मदानपतिः श्रेष्ठश्चतुर्मुद्रार्थदेशकः ।
पर्युपास्यतमो जगतां निर्याणत्रययायिनाम् ॥१४॥

अविपरीत धर्मको दान गर्ने, त्यसमा पनि उत्कृष्ट, कर्ममुद्रा-महामुद्रा-ज्ञानमुद्रा-समयमुद्रार्थहरूको उपदेशक, त्यसैले भूचर, खेचर महामुद्रासिद्धि चाहने व्यक्तिहरूले उपासना गर्न योग्य भगवान् तथागत हुनुहुन्छ ॥१४॥

परमार्थविशुद्धश्रीस्त्रैलोक्यसुभगो महान् ।
सर्वसम्पत्करः श्रीमान् मञ्जुश्रीः श्रीमतां वरः ॥१५॥

परमार्थज्ञानद्वारा अद्वय बुद्धि भएका, सबै प्राणीहरूको हित गर्नाले तीन लोकमै राम्रो, व्यापक, सबै सुख सम्पत्तिको आधार, सबै योगीहरूको प्रियरत्न स्वरूप सर्वधर्म अद्वयात्मक हुनाले अद्वय श्री=मञ्जुश्री, ज्ञानकाय हुनाले सबैमा श्रेष्ठ भगवान् तथागत हुनुहुन्छ ॥१५॥

॥ इति कृत्यानुष्ठानज्ञानप्रकरणं समाप्तम् ॥

अथ पञ्चतथागतस्तुतिप्रकरणम्

नमस्ते वरदवज्राग्र भूतकोटे नमोऽस्तुते ।
नमस्ते शून्यतागर्भ बुद्धबोधे नमोस्तुते ॥१॥

हे वरदवज्राग्र ! तिमीलाई नमस्कार छ । हे भूतकोटि ! तिमीलाई नमस्कार छ । हे शून्यतागर्भ ! तिमीलाई नमस्कार छ, हे बुद्धबोध ! तिमीलाई नमस्कार छ ॥१॥

बुद्धराग नमस्तेऽस्तु बुद्धकाम नमो नमः ।
बुद्धप्रीते नमस्तुभ्यं बुद्धमोद नमो नमः ॥२॥

हे बुद्धराग ! नमस्कार छ । हे बुद्धकाम ! नमस्कार छ । हे बुद्धप्रीति ! तिमीलाई नमस्कार छ । हे बुद्धमोद ! नमस्कार छ, नमस्कार छ ॥२॥

बुद्धस्मित नमस्तुभ्यं बुद्धहास नमो नमः ।
बुद्धवाच नमस्तुभ्यं बुद्धभाव नमो नमः ॥३॥

हे बुद्धस्मित ! तिमीलाई नमस्कार छ, हे बुद्धहास ! नमस्कार छ, नमस्कार छ । हे बुद्धवचन ! तिमीलाई नमस्कार छ । हे बुद्धभाव ! नमस्कार छ, नमस्कार छ ॥३॥

अभवोद्भव नमस्तुभ्यं नमस्ते बुद्धसंभव ।
गगनोद्भव नमस्तुभ्यं नमस्ते ज्ञानसम्भव ॥४॥

हे अभवोद्भव ! तिमीलाई नमस्कार छ । हे बुद्धसंभव ! तिमीलाई नमस्कार छ । हे गगनोंव ! तिमीलाई नमस्कार छ । हे ज्ञान संभव ! तिमीलाई नमस्कार छ ॥४॥

मायाजाल नमस्तुभ्यं नमस्ते बुद्धनाटक ।
नमस्ते सर्वसर्वेभ्यो ज्ञानकाय नमोऽस्तुते ॥५॥

हे माया जाल ! तिमीलाई नमस्कार छ । हे बुद्धनाटक ! तिमीलाई नमस्कार छ । हे सर्वसर्व ! तिमीलाई नमस्कार छ । हे ज्ञानकाय ! तिमीलाई नमस्कार छ ॥५॥

पञ्चतथागत स्तुतिको शब्दार्थ व्याख्या

१. वरदवज्राग्र = चतुरानन्द स्वभावयुक्त, भूतकोटिः = सुखभोग स्थान, शून्यता गर्भः = सुखशून्य- अद्वय रूप, बुद्धबोधिः =प्रभास्वर प्रवेश ।

२. महारागरूप= बुद्धराग, विरमानन्दधर्मकायः= बुद्धकाय, शून्यतागर्भसहजानन्दक्षणः= बुद्धप्रीति, अद्वय सुखप्रमोद, लाभः = बुद्धमोद ।

३. सुखमयज्ञानप्रकाशक्योग=बुद्धस्मित, सकलज्ञेयमण्डलव्याप्तः= बुद्धहास, अनाहतनादोल्लासः =बुद्धवाक्, धर्मकायदेखि अभिन्न संभोगकाय =बुद्ध भाव ।

४. शून्यतासंभूतचतुःकायरूप= अभवोद्भव, स्वाभाविकस्वरूप =बुद्धसंभवः, स्वयंभूस्वभाव = गगनोंव, स्वसंवेद्य= ज्ञान संभव ।

५. महामायासमुद्भुत परमसुख = मायाजाल, सहजस्फुरितस्थिर एवं चलरूप = बुद्धनाटक, षोडशानन्दरूपले धेरै = सर्वसर्वेभ्यः, समन्तभद्र महासुखज्ञानकायको अग्ररूप= ज्ञानकायः । यहां भएका सबै पदहरू सम्बोधन परक छन् ।

"पञ्चतथागतस्तुतिको रहस्य"

यहाँ वज्रसत्त्व आदिद्वारा सृष्टिक्रमको निर्देश गरिएको छ। "नमस्ते" इत्यादि पाँच गाथाहरूद्वारा वज्रधातुमहामण्डलान्तर्गत उनै भगवान्लाई पञ्चज्ञानमुखले स्तुति गरिएको हो। 'नमस्ते' "वरदे" इत्यादि आदर्श ज्ञानद्वारा, 'बुद्धराग' इत्यादि समताज्ञानद्वारा, "बुद्धस्मित" इत्यादि प्रत्यवेक्षणाज्ञानद्वारा, "अभवोद्भव" इत्यादि शुविशुद्धधर्मधातुज्ञानस्वभावद्वारा स्तुति गरिएको हो।

वैरोचन-रत्न सम्भव- अमिताभ- अमोघसिद्धि-अक्षोभ्य-स्वरूपले युक्त तथागत भनिएको हो। यहाँ पहिलो श्लोकद्वारा कारणको निर्देश गरिएको छ र अरु ४ श्लोकद्वारा कार्यको निर्देशन गरिएको छ। साथै हेतु ज्ञान, प्रत्ययज्ञान, धर्मज्ञान, भावनाज्ञान, मुक्तिज्ञानको उल्लेख छ। हेतु= आदर्शज्ञान, प्रत्यय= समता ज्ञान, प्रत्यवेक्षणा= धर्मज्ञान, कृत्यानुष्ठान=भावना ज्ञान, मुक्ति ज्ञान=शुविशुद्ध-धर्मधातु ज्ञान। यसरी नै पञ्च 'अ' कार द्वारा सम्बोधि भावना सूचित गरिएको हो।

॥ ईीत पञ्चतथागतस्तुतिप्रकरणं समाप्तम् ॥

अथानुशंसाप्रकरणम्

इयमसौ वज्रपाणेः वज्रधरभगवतो ज्ञानमूर्तेः सर्वतथागतज्ञानकायस्य मञ्जुश्रीज्ञानसत्त्वस्यावेणिकपरिशुद्धा नामसङ्गीतिस्तवानुत्तर प्रीतिप्रासादमहोद्विल्यसंजननार्थं, कायवाङ्मनो गुह्यपरिशुद्धचै, अपरिपूर्णपरि शुद्धभूमिपारमितापुण्यज्ञानसंभारपरिपूति शुद्धचै, अनधिगतानुत्तरार्थस्याधिगमाय, अप्राप्तस्य प्राप्त्यै, यावत्सर्वतथागत सर्वधर्मनेत्रीसंधारणार्थं च मया देशिता, संप्रकाशिता, विवृता, विभजितोत्तानीकृता, अधिष्ठिता चेयं मया वज्रपाणे वज्रधर तव सन्ताने चित्ते सर्वमन्त्रधर्मताधिष्ठानेनेति ।

इति प्रथमचक्रस्येयमनुशंसा एकादश पदानि ॥

पुनरपरमियं वज्रपाणे वज्रधर नामसङ्गीतिः सुपरिशुद्धा, पर्यवदाता, सर्वज्ञज्ञानकायवाङ्मनोगुह्यभूता, सर्वतथागतानां बुद्धबोधिः, सम्यक्संबुध्दानामभिसमयः, सर्वतथागतानामनुत्तरः, धर्मधातुगतिः सुगतानाम्, सर्वमारबलपराजयो जिनानाम्, दशबलबलिता सर्वदशबलानाम्, सर्वज्ञता सर्वज्ञज्ञानानाम्, आगमः सर्वधर्माणाम्, समुदागमः सर्व बुद्धधर्माणाम्, विगलसुपरि शुद्धपुण्यज्ञानसंभारपरिपूरी सर्वमहाबोधिसत्त्वानाम्, प्रसूतिः सर्वश्रावकप्रत्येकबुद्धानाम्, क्षेत्रं सर्वदेवमनुष्यसम्पत्तेः, प्रतिष्ठा महायानस्य, संभवो बोधिसत्त्वचर्यायाः, निष्ठा सम्यगार्यमार्गस्य निकषो विमुक्तीनाम्, उत्पत्ति निर्वाणमार्गस्य, अनुच्छेदस्तथागतवंशस्य, प्रवृद्धिर्महाबोधिसत्त्वकुलगोत्रस्य, निग्रहः सर्वपरप्रवादिनाम्, विध्वंसनं सर्वतीर्थिकानाम्, पराजयश्चतुर्मारबलचमू सेनायाः, संग्रहः सर्वसत्त्वानाम्, आर्यमार्ग परिपाकः सर्वनिर्याणयायिनाम्, समाधिश्चतुर्ब्रह्मविहारविहारिणाम्, ध्यानमेकाग्रचित्तानाम्, योगः कायवाङ्मनोऽभियुक्तानाम् विसंयोगः सर्वसंयोजनानाम्, प्रहाणं सर्वक्लेशोपक्लेशानाम्, व्युपशमः सर्वावरणानाम्, विमुक्तिः सर्वबन्धनानाम्,

मोक्षः सर्वोपधीनाम्, शान्तिः सर्वचित्तोपप्लवानाम्, आकारः सर्वसम्पत्तीनाम्, परिहाणिः सर्वविपत्तीनाम्, पिधानं सर्वापायद्वाराणाम्, सत्पथो विमुक्तिपुरस्य, अप्रवृत्तिः संसारचक्रस्य, प्रवर्तनं धर्मचक्रस्य, उच्छ्रितच्छत्रध्वज पताका तथागतशासनस्य, अधिष्ठानं सर्वधर्म देशनायाः, क्षिप्रसिद्धिमन्त्रमुखचर्याचारिणां बोधिसत्त्वानाम्, भावनाधिगमः प्रज्ञापारमिताभियुक्तानां, बोधिसत्त्वानाम्, शून्यताप्रतिवेधोऽद्वयप्रतिवेदभावनाभियुक्तानाम्, निष्पत्तिः सर्वपारमितासंभारस्य, परिशुद्धिः सर्वभूमिपारमिता परिपूर्याणाम्, प्रतिवेधः सम्यक्चतुरार्यसत्यानाम्, सर्वधर्मैकचित्तप्रतिवेधश्चतुःस्मृत्युपस्थानानाम्, यावच्छन्दपरिसमाप्तिः सर्वबुद्धगुणानामियं नामसङ्गीतिः ।

इति द्वितीयचक्रस्येयमनुशंसापदानि द्वापञ्चाशत् ॥

पुनरपरं वज्रपाणे वज्रधर इयं नामसङ्गीतिः सर्वसत्त्वानामशेषकायवाङ्मनः समुदाचारपापप्रशमनी, सर्वसत्त्वानां सर्वापायविशोधनी, सर्वदुर्गतिनिवारणी, सर्वकर्मावरणसमुच्छेदनकरी, सर्वाष्टक्षणसमुत्पादस्यानुत्पादनकरी, अष्टमहाभयव्युपशमनकरी, सर्वदुःस्वप्नविनाशनकरी, सर्वदुर्निमित्तव्यपोहनकरी, दुःशकुनविघ्नव्युपशमनकरी, सर्वमारारिकर्मदूरीकरणी, सर्वकुशलमूलपुण्योपचयकरी, सर्वायोनिसो मनसिकारस्यानुत्पादनकरी, सर्वमदमानदर्पाहङ्कारनिर्घातनकरी, सर्वदुःखदौर्मनस्यानुत्पादनकरी, सर्वतथागतानां हृदयभूता, सर्वबुद्धबोधिसत्त्वानां गह्यभूता, सर्वश्रावकप्रत्येकबुद्धानां रहस्यभूता, सर्वमुद्रामन्त्रभूता, सर्वधर्मानभिलाप्यवादिनां स्मृतिसंप्रजन्यसंजननी, अनुत्तरप्रज्ञामेधाकरी, आरोग्यबलैश्वर्यसम्पत्करी, श्रीशुभशान्तिकल्याणप्रवर्धनकरी, यशःकीर्तिश्लोकस्तुति प्रकाशनकरी, सर्वव्याधिमहाभयव्युपशमनकरी, पूततरा पूततराणाम्, पवित्रतरा पवित्रतराणाम्, धन्यतमा धन्यतमानाम्, सर्वमाङ्गल्यतमा सर्वमाङ्गल्यतमानाम्, शरणं शरणार्थिनाम्, लयनं लयनार्थिनाम्, त्राणं त्राणार्थिनाम्, परायणं परायणानाम्, द्वीपभूता द्वीपार्थिनाम्, अगतिकानामनुत्तरगतिभूता,

यानपात्रभूता भवसागरपारगामिनाम्, महाभैषज्यराजभूता सर्वव्याधिनिर्घातनतया, प्रज्ञाभूता हेयोपादेयभाव विभावनतया, ज्ञानालोकभूता सर्वतमोन्धकार कुदृष्टचपनयनाय, चिन्तामणिराजभूता सर्वसत्त्वाशयाभिप्रायपरिपूरणाय, सर्वज्ञज्ञानभूता मञ्जुश्रीज्ञानकायप्रतिलम्भाय, परिशुद्धाज्ञानादर्शभूता पञ्चचक्षुप्रतिलम्भाय, षट्पारमितापरिपूरीभूता आमिषाभयधर्मदानोत्सृजनतया, दशभूमिप्रतिलम्बभूता पुण्यज्ञानसंभारसमाधिपरिपूरणतया, अद्वयधर्मता द्वयधर्मविगतत्वादतथतारूपता, अनन्यधर्मताध्यारोपविगतत्वात्, भूतकोटिरूपता परिशुद्धसर्वतथागतज्ञानकायस्वभावतया, सर्वाकारमहाशून्यतारूपता अशेषकुदृष्टि गतिगहननिर्घातनतया, सर्वधर्मानभिलाप्य रूपेयं नामसंगीतिः यदुताद्वय धर्मतावतर णार्थं नामसंधारणप्रकाशनतया ।

इति तृतीयचक्रस्येयमनुशंसा पदानि द्वापञ्चाशत् ।

पुनरपरं वज्रपाणे कश्चित् कुलपुत्रो वा कुलदुहिता वा मन्त्रमुखचर्याचारी इमां भगवतो मञ्जुश्रीज्ञानसत्त्वस्य सर्वतथागतज्ञानकायस्य भगवतो ज्ञानमूर्तेर द्वयपरमार्थां नामसङ्गीति नामचूडामणि सकलपरिसमाप्तामन्यूनामखण्डामेभिर ेव गाथापदव्यञ्जनैः प्रत्यहं त्रिकालं धारयिष्यति, वाचयिष्यति, पर्यवाप्स्यति, योनिशश्च मनसि करिष्यति, परेभ्यश्च विस्तरेण यथासमयं यथावत्संप्रकाशयिष्यति, प्रत्येकं चान्यतमान्यतमं नामार्थं मञ्जुश्रीज्ञानकायमालम्बनीकृत्य एकाग्रमनसा भावयिष्यति, अधिमुक्तितत्त्वमनस्काराभ्यां समन्तमुखविहारविहारीसर्वधर्मप्रतिवेधिकया परमया अनाविलया प्रज्ञाविद्धया श्रद्धया समन्वागतः सन् तस्य त्र्यध्वावद्धसंगिनः सर्वबुद्धबोधिसत्त्वाः संगम्य समागम्य सर्वधर्ममुखान्युपदर्शयिष्यन्ति, आत्मभावं चोपदर्शयिष्यन्ति, सर्वबुद्धबोधिसत्त्वाधिष्ठानं च सर्वकायवाङ्मनोभिस्तस्य सन्ताने सम्यगधिष्ठास्यन्ति, सर्वबुद्धबोधिसत्त्वानुग्रहेण चानुग्रहीष्यन्ति, सर्वधर्मवैशार द्यप्रतिभानश्चोपसंहरिष्यन्ति, सर्वार्हच्छ्रावकप्रत्येकबुद्धाश्चार्यधर्म प्रमाणतयात्मभावं

चोपदर्शयिष्यन्ति दुर्दान्तदमकाश्च महाक्रोधराजानो महावज्रधरादयो जगत्परित्राणभूता नानानिर्माणकार्यरोजोबलं तेजोऽप्रधृष्यतां सर्वमन्त्रमुद्राभिसमयमण्डलान्यु पसंहरिष्यन्ति, अशेषाश्च मन्त्रमहाविद्याराज्य: सर्वविघ्नविनायकमारारिप्रत्यङ्गिरा महापराजिता: सर रात्रिन्दिवं प्रतिक्षणं सर्वेर्यापथेषु रक्षावरणगुप्ति करिष्यन्ति, ये च ब्रह्मेन्द्रो-पेन्द्ररुद्रनार ायणसनत्कुमारमहेश्वरकार्तिकेयमहाकालनन्दिकेश्वरयमवरुण-कुवेरहार तीदशदिग्लोकपालाश्च ते सर्वे सततसमितं रात्रिन्दिवं गच्छतस्तिष्ठत: शयानस्य निषण्णस्य स्वपतो जाग्रत: समाहितस्यासमाहितस्य च एकाकिना बहुजनमध्यगतस्य यावद् ग्रामनगर निगमजनपद-राष्ट्रराजधानीगतस्य इन्द्रकीलरथ्याप्रतोलोवीथीनगरद्वारराजमार्ग चत्वर शृङ्गाटकनगरान्तरापणपण्यशालामध्यगतस्य यावच्छून्यागारगिरिकन्दर-नदीवनगहनोपगतस्य उच्छिष्टस्यानुच्छिष्टस्य मत्तस्य प्रमत्तस्य सदा सर्वथा रक्षावर णगुप्तिं करिष्यन्ति, रात्रिन्दिवं च परं स्वस्त्ययनं करिष्यन्ति, ये चान्ये देवनागयक्षगन्धर्वासुर गरुडकिन्नरमहोरगमनुष्यामनुष्या ये चान्ये ग्रहनक्षत्रगणपतयो याश्च सप्तमातरो याश्च यक्षिणीराक्षसीपिशाच्यस्ता: सर्वा: सहिता: समग्रा: ससैन्या: सपरिवारा: सर्वेर्यापथेषु परां रक्षावरण-गुप्तिं करिष्यन्ति, परं च तस्य काये ओजोबलं प्रक्षेप्स्यन्ति आर ोग्यमायुर्वृद्धिं चोपसंहरिष्यन्ति ।

इति चतुर्थचक्रस्येयमनुशंसा पदान्येकोनविंशति: ।

पुनरपरं वज्रपाणे वज्रधर य इमां नामसङ्गीतिं नामचूडामणिं प्रत्यहमखण्डसमाधानतस्त्रिकृत्वा कण्ठगतामावर्तयिष्यति, पुस्तकगतां वा पठमान: प्रवर्तयिष्यति, भगवतो मञ्जुश्रीज्ञानसत्त्वस्य रूपमालम्बयन्, तद्रूपमनुचिन्तयन् तद्रूपमनुध्यायन् तमेव रूपं निर्माणकायेनाचिरादेव विनयवंशमुपादाय रक्षति, गगनतलगताश्च बुद्धबोधिसत्त्वा: नानानिर्माणरूपकायै: सहगता रक्षन्ति, न च तस्य सत्त्वस्य जातु कथमपि दुर्गत्यपायपतनं भविष्यति, न नीचकुलोपपत्तिर्भविष्यति, न प्रत्यन्तजनपदोपपत्तिर्भविष्यति, न हीनेन्द्रियो भविष्यति, न मिथ्यादृष्टिकुलोपपत्तिर्भविष्यति, नाबुद्धकेषु बुद्धक्षेत्रेषूत्पत्स्यते, न च बुद्धोत्पादविमुखता

तद्देशितधर्मविमुखपरोक्षता भविष्यति, न च दीर्घायुष्केषु देवेषूत्पत्स्यते, न च दुर्भिक्षरोगशस्त्रान्तः कल्पेषूत्पत्स्यते, न च पञ्चकषायकालेषूत्पत्स्यते, न च राजशत्रुचोरभयं भविष्यति, न सर्वोपकरणवैकल्यदारिद्रचभयं भविष्यति, प्रियो आपः, परमसुखसंवासः, प्रियदर्शनश्च लोकानां भविष्यति, शुभसौभाग्यादेयवाक्यश्च लोकानां भविष्यति, यत्र यत्रो पपत्स्यते, तत्र तत्र जातिस्मरो भविष्यति, महाभोगो महापरीवारोऽक्षयपरीवारश्च भविष्यति, अग्रणीः सर्वसत्त्वानामग्रगुणसमन्वागतो भविष्यति, प्रकृत्या च षट्पारमितागुणसमन्वागतो भविष्यति, चतुर्ब्रह्मविहार विहारी भविष्यति, स्मृतिसंप्रजन्योपायबलप्रणिधि ज्ञानसमन्वागतश्च भविष्यति, सर्वशास्त्रविशारदो वाग्मी च भविष्यति, स्पष्टवागजडः पटुश्च भविष्यति, दक्षोऽनलसः संतुष्टो महार्थो वितृष्णश्च भविष्यति, परमविश्वासी च सर्वसत्त्वानामाचार्य गुरुसंमतश्च भविष्यति, अश्रुतपूर्वाणि च तस्य सर्वशिल्पकलाभिज्ञाज्ञानशास्त्राणि चार्थतो ग्रन्थतश्च प्रतिभासमागमिष्यन्ति, सुपरिशुद्धशीलाजीवसमुदाचारचारी च भविष्यति, सुप्रव्रजितः रूपसंपन्नश्च भविष्यति, अप्रमुषितसर्वज्ञता बोधिचित्तश्च भविष्यति, न जातु श्रावकार्हत्प्रत्येकबुद्धनियमावक्रान्तिगतश्च भविष्यति ।

इति पञ्चमचक्रस्येयमनुशंसा पादान्येकपञ्चाशत् ।

एवं वज्रपाणे वज्रधर अप्रमेयगुणसमन्वागतोऽसौ मन्त्रमुखचर्याचारी भविष्यति, अन्यैश्चाप्रमेयैरेवं प्रकारैर्गुणगणैः समन्वागतो भविष्यति, अचिरादेव वज्रपाणे वज्रधर परमार्थनामसङ्गीतिसंधारकः पुरुषपुद्गलः सुसंभृतपुण्यज्ञानसंभारः क्षिप्रतरं बुद्धगुणान्समुदानीयानुत्तरां सम्यक्संबोधिमभिसंभोत्स्यते अनल्पकल्पापरिनिर्वाणधर्माणां सर्वसत्त्वानामनुत्तरधर्मदेशकोऽधिष्ठाता दशदिक्सद्धर्मदुन्दुभिर्धर्मराजः ।

॥ इति षष्ठचक्रस्येयमनुशंसाप्रकरणं समाप्तम् ॥

अनुशंसाको विषयमा केही शब्दहरू

अनुशंसाको अर्थ हो प्ररोचना, प्रशंसा, अर्थवाद या महत्त्व । यस अनुशंसामा भगवान् तथागतले आर्यनाम संगीतिको महत्त्व दर्शाउँदै यसको अध्ययन, पाठ, नियमित अभ्यास द्वारा लोक कल्याण हुने रहस्य बताउनु भएको छ ।

प्रथम ११ पदहरूको अर्थ हेर्नाले यसभित्र सबैको रहस्य बुझ्न सजिलो हुन्छ, त्यो यस प्रकार छ-

यो हो - वज्रपाणि, वज्रधर, भगवान् ज्ञानमूर्ति, सर्व तथागत ज्ञान काय, मञ्जुश्री ज्ञानसत्त्वको क्लेशरहित, अत्यन्त शुद्ध नामसंगीतिको स्तोत्र, तिम्रो अनुत्तर प्रीति प्रसन्नताको अनुभव गर्नका लागि, काय-वाक्-मन-गुह्यको शुद्धि हेतु, अप्राप्त अनुत्तरार्थको प्राप्तिका लागि, अप्राप्तको प्राप्तिका लागि, समग्र तथागत, सर्व धर्म नेत्र धारणा निमित्त पनि मैले उपदेश गरें, प्रकाशित गरें, फैलायें, विभाग गरेर प्रकाशित गरें, र यो नाम संगीति मैले वज्रपाणि ! वज्रधर ! तिम्रो चित्तमा, चित्तसन्तानमा सबै मन्त्र धर्महरूको अधिष्ठानका रूपमा राखिदिएको छ ।

इति प्रथम चक्रको अनुशंसात्मक एकादशपदहरू समाप्त भए ।

॥ इत्यनुशंसाप्रकरणं समाप्तम् ॥

अथ मन्त्रविन्यासप्रकरणम्

ॐ सर्वधर्माभाव स्वभाव विशुद्धवज्र अ आ अं अः प्रकृति परिशुद्धाः सर्वधर्माः यदुत सर्वतथागत-ज्ञानकायस्य मञ्जुश्री परिशुद्धितामुपादायेति । अ आः सर्वतथागत हृदय हर हर ॐ हूं ह्रीं भगवन् ज्ञानमूर्तिवागीश्वर महावाच सर्वधर्म गगनामल सुपरिशुद्धधर्मधातु ज्ञानगर्भ आः ॥

इति मन्त्रविन्यासः

आदि मध्य एवं अन्त्य तीन भागमा यो मन्त्र निर्दिष्ट छ । जस्तो कि- अकार=बोधिचित्त, भूमिपारमिताचर्यास्वभाव= आकारः । बुद्धत्वसूचक= अंकार : । महानिर्वाणको प्रदर्शक = अः कारः । ज्ञानकायको अधिष्ठान आः कारः । काय-वाक्-चित्त रागहरूका अधिष्ठान= ॐ हुँ ह्रीकाराः । धर्मधातुवागीश्वर त्मक स्थिर - चल- स्वरूपाधिष्ठान= आकार अन्तिममा राखिएको छ ।

॥ इति मन्त्रविन्यासप्रकरणं समाप्तम् ॥

अथोपसंहारप्रकरणम्

अथ वज्रधरः श्रीमान् हृष्टतुष्टः कृताञ्जलिः ।
प्रणम्य नाथं संबुद्धं भगवन्तं तथागतम् ॥१॥

यस पछि श्रीमान् वज्रधरले अतिशय खुसी एवं तुष्ट भएर दुईहात जोडेर सम्यक्सम्बुद्ध तथागत जगत्का नाथ भगवान् बुद्धलाई नमस्कार गरेर उच्च स्वरमा आफ्नो भाव यसरी व्यक्त गरे ॥१॥

अन्यैश्च बहुभिर्नाथैर्गुह्येन्द्रैर्वज्रपाणिभिः ।
स सार्धं क्रोधराजानैः प्रोवाचोच्चैरिदं वचः ॥२॥

त्यस्तै, अरु धेरै नाथ, गुह्य वज्रधरहरूले तथा अरु क्रोध भट्टारकहरूले पनि संयुक्त भएर उच्च स्वरमा यो वचन बोले ॥२॥

अनुमोदामहे नाथ साधु साधु सुभाषितम् ।
कृतोऽस्माकं महानर्थः सम्यक्संबोधिप्रापकः ॥३॥

हे नाथ ! अतिशय उत्कृष्ट वक्तव्य, जुन यहाँ तपाँईले दिनुभयो त्यसको हामी अनुमोदन गर्दछौं । किनकि तपाईले सम्यक्संबोधि प्रापक महान् कल्याण मार्गको उपदेश गर्नुभएको छ ॥३॥

जगतश्चाप्यनाथस्य विमुक्तिफलकाङ्क्षिणः ।
श्रेयो मार्गो विशुद्धोऽयं मायाजालनयोदितः ॥४॥

नाथ रहित भएका समग्र संसारका प्राणीहरू, जसले विमुक्ति रूपी फलको इच्छागरेका छन् तिनका लागि पनि यो श्रेयमार्ग छ, जुन मन्त्रमय उपदेश द्वारा उत्पन्न भएको छ- अतिशय श्रेष्ठ छ ॥४॥

गम्भीरोदारवैपुल्यो महार्थो जगदर्थकृत् ।
बुद्धानां विषयो ह्येष सम्यक्संबुद्धभाषितः ॥५॥

गंभीर, उदार एवं विपुल यो धर्मोपदेश जगत्को महान् उपकारक छ, र यो मार्ग बुद्धहरूले मात्र चिन्न सक्दछन्, जुन मार्ग सम्यक्संबुद्ध द्वारा बताईएको छ ॥५॥

॥ इत्युपसंहारप्रकरणं समाप्तम् ॥

॥ समाप्तोऽयं ग्रन्थः ॥

काशीनाथेन विदुषा मञ्जुश्रिया सुभाषितम् ।
नामसङ्गीतिसद्रत्नं नेपाल्या संप्रकाशितम् ।
सेयं भगवती तारा शून्यतत्त्वप्रबोधिका ।
भूयात् प्रीतिपरा रम्या वाञ्छितं प्रददातु मे ॥

ॐ



डा. काशीनाथ न्यौपाने संस्कृत वाङ्मयका विशिष्ट साधक हुनुहुन्छ । उहाँले वाराणसीमा रहेर प्रसिद्ध विद्वान् स्वामी योगीन्द्रानन्दजीका सान्निध्यमा वेदान्त, न्याय, मीमांसा, बौद्धदर्शन, शैवदर्शन, पालि प्राकृत एवं जैनदर्शनको गहन अध्ययन गर्नुभएको हो ।

संस्कृत लेखनमा सिद्धहस्त डा. न्यौपानेद्वारा लिखित एवं अनुदित पुस्तकहरुको सङ्ख्या लगभग दुई दर्जन जति छ ।

नेपाल संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक रहीसक्नुभएका डा. न्यौपाने अहिले नेपाल सँस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठमा बौद्धदर्शन विभागका अध्यक्ष हुनुहुन्छ ।

- प्रकाशक



मूल्य रू. १५१/–